विजय विकास स्रोत केन्द्रको प्रकाशन

# विजयध्वनि

(VIJAYA DHWONI-Journal Published by VDRC-Nepal)

वर्ष १७ | अङ्क २ | पूर्णाङ्क ३३ | पौष २०७३

संरक्षक
सैनराज सापकोटा
अध्यक्ष
विजय विकास स्रोत केन्द्र
प्रधान सम्पादक
गोविन्दराज विनोदी
सम्पादक
टिकाराम कँडेल
सह-सम्पादक
श्याम लला रावली
कम्प्युटर
लक्ष्मी अधिकारी
प्रकाशक
विजय विकास स्रोत केन्द्र
गैंडाकोट-८, नवलपरासी
फोन:०७८-५०११७२,
५०११००, ५०१४०२
फ्याक्स: ०७८-५०१४०१
E-mail: vdrc@vdrc.org.np
Website: www.vdrc.org.np

यस भित्र ...

क) संस्थागत गतिविधि
- २८ औं वार्षिकोत्सव

सम्पादकीय...

## विकासको गति नरोकियोस्

राजनीति गर्नुको उद्देश्य जनताका हक-अधिकारको प्रत्याभूति दिलाउनु जनतालाई गरिबीको पिंजडाबाट मुक्त गर्नु गाउँ-सहरको युगानुकूल विकास गर्नु र मुलुकलाई ज्ञान-विज्ञानले सिंगारेर विश्वमा सुप्रतिष्ठित बनाउनु हो । राजनीति गर्नुको अर्थ दल-दलमा बाँडिएर झगडा गर्नु मुलुकको अस्मिता खतरामा पर्दा पनि चूप लागेर बस्नु गाउँ-सहर र देशलाई नै अनिर्णयको बन्दी बनाउनु वा विकासको कामहरूमा अवरोध खडा गरी राष्ट्रलाई पश्चगमनतर्फ धकेल्नु किमार्थ होइन । सहमतिको नाम लिने र असहमतिको वातावरण सिर्जना गर्ने, विकासका भावना छाँट्ने र अविकासतर्फ अभिमुख हुने, जनतालाई गणतन्त्र, लोकतन्त्र, सङ्घीयता, समावेशिता जस्ता सूत्रहरू पियाउने र आपसमा जातिगत, वर्गगत, क्षेत्रगत झगडा सिर्जना गरी मुलुकलाई विखण्डनको गतीमा धकाल्ने जस्ता कामहरूले कहिल्यै नेपाल र नेपाली जनताको भलो हुन सक्दैन र देशले अग्रगमनको फड्को मार्न सक्दैन ।

नेपालमा सातसालदेखि बैसट्ठी-त्रिसट्ठीको आन्दोलनसम्ममा ठूला परिवर्तनहरू भए । तर तिनले कागजमा मात्र परिवर्तनको नाम अङ्कन गर्न सके । वास्तवमा हालसम्मका परिवर्तनले खास जनताको हृदयमा परिवर्तनको महसुस दिलाउन सकेका छैनन् । एउटा सामान्य जनताको दृष्टिमा न स्वतन्त्रताको अनुभूति हुन सक्यो, न त सुरक्षाको । अहिले मुलुकमा नयाँ संविधान बनेको छ तर त्यसको कार्यान्वयन हुन सकेको छैन । आपसी द्वन्द्वमा अल्झेका राजनीतिक दलहरूले मुलुकलाई अझसम्म कुनै निकास दिन सकिरहेका छैनन् । अहिलेसम्म केवल सत्ताकै छिनाझप्टी र कुत्सित खेलहरू भएका छन् र सबै दलहरू मिलेर राष्ट्र निर्माण गर्ने मुद्दा त्यत्तिकै अलपत्र परेको छ । यो विडम्बनापूर्ण अवस्था मुलुकका निम्ति सर्वथा घातक सिद्ध छ । यो तथ्य बुझेर पनि नेतृत्व वर्गले नबुझेको झैं अभिनय गर्नु झन् खतरनाक सङ्केत हो भन्ने जनताको ठम्याई छ ।

मुलुकलाई यो अवस्थाबाट छुटकारा दिलाउन र मूलतः विकासको पथमा डोर्‍याउन अब अबेर भइसकेको छ । यसका लागि वर्तमान सरकारले चाँडै नै स्थानीय चुनावको मिति घोषणा गर्नु जरुरी छ । मधेशका मुद्दालाई टुङ्गो लगाउन उच्चस्तरीय संयन्त्र बनाई त्यसले काम गर्दा गर्दैको अवस्थामा पनि स्थानीय निर्वाचन गराई हाल्नु श्रेयष्कर हुन्छ । स्थानीय निकाय नहुदा मुलुकका समग्र विकास निर्माणका काममा अपारदर्शिता, मनोमानी, अनुगमन बिहिनताको स्थिति देखिएका छन् । अतः विकासको गति नरोकी सरकारले ठीक समयमा नै निर्वाचन गर्ने निर्णय सहित मितिको घोषणा गरोस् भन्ने जनसमुदायको चाहना रहेको छ ।

# क) संस्थागत गतिविधि :

विजय विकास स्रोत केन्द्रको ३८ औं वार्षिकोत्सव २०७३ असार २५ मा विभिन्न कार्यक्रम गरी सम्पन्न भएको थियो । अध्यक्ष खेमराज सापकोटाको अध्यक्षतामा सञ्चालन गरिएको कार्यक्रममा संस्थाको तर्फबाट स्वागत मन्तव्य उपाध्यक्ष लक्ष्मी गौतमले राख्नु भएको थियो । वार्षिकोत्सव कार्यक्रमका सहभागि श्रद्धेय, आजीवन, साधारण सदस्यहरू तथा शुभचिन्तकहरूले संस्थाले समाजिक क्षेत्रमा पुऱ्याएको योगदानको मूल्याङ्कन गर्ने बेला आएको बताउनु भएको थियो । संस्थापक अध्यक्ष ऋषिराम सापकोटाले संस्थाले गरेका कामको उच्च सम्मान हुनुपर्ने, अब दोस्रो पुस्ताले समाज विकासको गतिलाई चुस्त पार्नु पर्ने भावना व्यक्त गर्नु भएको भयो । समाजसेवी तिलकप्रसाद सापकोटाले संस्थाले अन्य सदस्य संस्थाहरू जन्माएर निकै प्रशंसनीय एवं उदाहरणीय काम गरेको र आगामी दिनमा आफूलाई एक मातृसंस्था भएर अभिवावक बन्नु पर्नेमा जोड दिनुभयो । विजय सामुदायिक शिक्षा सहकारीका अध्यक्ष माधवप्रसाद पौडेलले विजय विकास स्रोत केन्द्र गैंडाकोटको लागि चेतनाको संवाहक, परिवर्तनको धरोहर रहेको बताउनु भयो । त्यसैगरी विजय सामुदायिक सूचना तथा सञ्चार सहकारीका अध्यक्ष इन्द्रराज ज्योति पौडेलले संस्थाका अप्ठ्यारा दिनहरू सकिएको, सजिला दिनहरूको शुरुवात भएको र अटुट रूपमा समतामूलक समाज निर्माणमा लाग्ने देशको उदाहरणीय संस्था बन्न पुगेको जानकारी गराउनु भएको थियो । विकु बचत तथा ऋण सहकारी संस्थाका उपाध्यक्ष त्रैलोक्यनाथ खरेलले संस्थाले प्रवर्धन गरेको विकुमा २५ हजार भन्दा बढी शेयर सदस्य पुगेको र ति सबै सदस्यहरूको अभिभावक विजय विकास स्रोत केन्द्र नै रहेको बताउनु भएको थियो । अब संस्थाका कार्यक्रम र कार्यक्षेत्र विस्तार गर्ने, विषय केन्द्रित भएर अगाडि बढ्ने र गरेको कामको अभिलेखीकरण गर्दै सबैलाई जानकारी गराउनु पर्ने संस्थाका अध्यक्ष खेमराज सापकोटाको भनाइ रहेको थियो । संस्थाको वार्षिक उत्सवको अवसरमा गैंडाकोट नगरपालिका वडा नं. ७ का बालविकास केन्द्रका विद्यार्थीहरूलाई शैक्षिक सामग्री वितरण, नारायणगढस्थित हाम्रो घरका बालवालिकाका लागि एक दिनको खाना स्वरूप सहयोग गरिएको थियो । यसैगरी कार्यक्रमको अवसरमा गैंडाकोट २ मा रहेको विजय युवा वृक्षरोपण स्थलमा पुगी वृक्षारोपण र स्वास्थ्य उपसमितिको आयोजनामा ४२ जना सदस्य तथा कर्मचारीहरूको थाइराइड परीक्षण गरिएको थियो ।

२०७३ असोज २९ गते विजय विकास स्रोत केन्द्रको ३१ औं वार्षिक साधारण सभा सम्पन्न भएको थियो जम्मा. आर्थिक वर्ष २०७३/७४ का लागि आन्तरिक र साझेदारी कार्यक्रमका लागि ९ करोड २८ लाख ४२ हजार ५ सय ७५ रूपैया बराबरको अनुमानित बजेट पारित गरिएको थियो । साधारण सभामा प्रस्तुत आर्थिक प्रगति प्रतिवेदनमा संस्थाको विगत पाँच वर्षको आम्दानी विवरण अनुसार वार्षिक आम्दानी क्रमश: वृद्धि भएको देखिएको थियो । प्रतिवेदन अनुसार संस्थाले वार्षिक ३ करोड ७४ लाख आम्दानी गरी विविध कार्यक्रम सञ्चालन गर्दै आएको, आर्थिक वर्ष २०७२/०७३ मा आम्दानी गुणात्मक रूपमा बढेर वार्षिक ४ करोड ६० लाख पुगेको, आर्थिक वर्ष २०७३ ०७४ मा आम्दानी झन् बढेर लगभग १० करोड पुग्ने अनुमान गरिएको थियो । साझेदारी कार्यक्रम अन्तरगत ५ करोड बराबरको काम गर्ने लक्ष्य राखिएको छ । बालमैत्री स्थानीय शासन र परिवर्तन कार्यक्रमहरूमा एक करोड बराबरको काम गर्ने लक्ष्य रहेको छ । संस्थाका कोषाध्यक्ष पार्वती कँडेलले आर्थिक प्रतिवेदन प्रस्तुत गर्नुभएको थियो । संस्थाका अध्यक्ष खेमराज सापकोटाको अध्यक्षतामा भएको साधारण सभामा संस्थाका सचिव कृष्णप्रसाद सापकोटाले आर्थिक वर्ष २०७२/२०७३ को प्रगति प्रतिवेदन तथा प्रस्तावित कार्यक्रम प्रस्तुत गर्नुभएको थियो । प्रस्तुत प्रतिवेदनमा सुशासन, पारदर्शिता, जवाफदेहिता र मितव्ययिता लगायतका विषयमा कार्यक्रम सञ्चालन गरिने जनाइएको थियो । संस्थाले कल्याणकारी कार्यक्रम, युवा परिचालन, जनसहभागिता वृद्धि गर्ने जनाएको थियो । साधारण सभामा संस्थालाई विशिष्ट योगदान पुऱ्याउनुहुने सदस्य मध्येबाट टिकाराम कँडेल, उत्कृष्ट कर्मचारीमा पूर्ण विश्वकर्मा र विजय वर्ष व्यक्तित्व पार्वती कँडेललाई सम्मानित गरिएको थियो ।

विजय विकास स्रोत केन्द्रका संस्थापक अध्यक्ष ऋषिराम सापकोटाले पानसमा दीपप्रज्वलन गरी कार्यक्रमको उद्घाटन गर्नुभएको थियो । कार्यक्रममा समाजसेवी तिलकप्रसाद सापकोटा, सल्लाहकार ओमप्रसाद सापकोटा, निवर्तमान अध्यक्ष वसन्तराज लम्साल, उत्प्रेरक व्यक्तित्व गोविन्दराज विनोदी, पूर्व अध्यक्ष लक्ष्मीप्रसाद आचार्यले अहिले विजय विकास स्रोत केन्द्रले सम्पन्न गरेका कामहरूको प्रशंसा गर्दै देशका कुनाकुनासम्म विकासका क्रियाकलाप सञ्चलन गर्ने सुझाव दिनुभएको थियो । विजय युवा क्लबको नामबाट स्थापित विजय विकास स्रोत केन्द्रले कल्याणकारी, प्रवर्धकीय र साझेदारी कार्यक्रममार्फत देशैभर आफ्ना कार्यक्रमहरू सञ्चालन गरिरहेको छ । यस संस्थाको नेतृत्वमा विकु बचत तथा ऋण सहकारी संस्था लि., विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्था लि., विजय सामुदायिक शिक्षा सहकारी संस्था लि., विजय लघुवित्त वित्तीय संस्था लिमिटेड, विजय कन्सल्टेन्ट कम्पनि र विजय फाउण्डेसन गरी ६ वटा विषयगत संघसंस्थाको प्रवर्धन गरी सामाजिक विकासमा योगदान पुऱ्याउँदै आइरहेको छ ।

विजय विकास स्रोत केन्द्रका सदस्यहरूको अवलोकन भ्रमण मिति २०७३ पौष १५, १६ र १७ गते भएको थियो । संस्थाका कार्यसमितिका सदस्य, साधारण सदस्यहरू र कार्यक्रमका कर्मचारीहरू गरी जम्मा १६ जनाको भ्रमणमा सहभागिता रहेको थियो । यस कार्यक्रमको उद्देश्य सदस्यहरूलाई अवलोकन भ्रमणमा सहभागी बनाई विजय विकास स्रोत केन्द्रले विगत र वर्तमानमा सञ्चालन गरेको कार्यक्रमको कार्यक्षेत्रभित्रको सफलताहरूको स्थलगत अवलोकन गर्ने रहको थियो । विशेषगरी हाल सञ्चालन गरिएको गरिवी निवारण कार्यक्रम, साक्षरता कार्यक्रम, स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रम र सुआहारा कार्यक्रमको अवलोकन गरिएको थियो ।

**अवलोकनको पहिलो दिनः**

१. च्याउखेतीको अवलोकन नवलपरासीको प्रसौनीमा:

संस्थाले केही वर्षअघि च्याउ खेती सम्बन्धी तालिम प्रदान गरेपश्चात् हालसम्म यसलाई निरन्तरता दिँदै विभिन्न जातका च्याउहरू उत्पादन गरी समुदायका अधिकांश घरधुरीका सदस्यहरूले च्याउ उत्पादनमा लागि व्यावसायिक रूपमै बजारमा बिक्री वितरण गरिरहेएको पाइयो । विशेष गरी व्यावसायिक च्याउखेतीमा महिलाहरू नै सक्रिय भएको र प्रतिवर्ष रु.३ लाखसम्म आम्दानी गरेको जानकारी प्राप्त भयो ।

२. विद्यालय पुस्तकालय अवलोकन:

विजय विकास स्रोत केन्द्रद्वारा सहयोग गरिएको पुस्तकालय अवलोकन नवलपरासीको दाउन्ने स्थित अहिंसाबादी महाबौद्ध निम्न माध्यामिक विद्यालयमा गरियो । पुस्तकालय शिक्षक, विद्यालयका प्रधानाध्यापक र विद्यालय सञ्चालक समितिका अध्यक्षसँग अन्तर्क्रिया र एक जना जेहेन्दार विद्यार्थी (सागर मोक्तान) को सफलताको कथा सुनाइएको थियो ।

३. नागरिक सचेतना केन्द्रको अवलोकन:

संस्थाद्वारा सहयोग गरिएको फुरौली नागरिक सचेतना केन्द्र रामनगर नवलपरासीको अवलोकन तथा अन्तर्क्रिया गरियो । अन्तर्क्रियामा ३० जना महिला सदस्यहरूको सहभागिता रहेको थियो । नागरिक सचेतना केन्द्र सञ्चालनमा आएपछि समुदायले स्थानीय निकायबाट १० वटा पानी तान्ने हातेपम्प र केही घुम्तीकोष प्राप्त गर्न सफल भएको सामाजिक परिचालक गीता चौधरीले जानकारी दिनुभयो । स्थानीय शासन तथा सामुदायिक विकास कार्यक्रमका माध्यमले पाएका सेवा सुविधाहरूबाट सदस्यहरू सन्तुष्ट रहेको बिचार आदन-प्रदान भयो ।

**अवलोकन भ्रमणको दोस्रो दिनः**

४. रेडियो श्रोता समूहसँग छलफल:

'परिवर्तन घरैबाट' कार्यक्रम अन्तर्गत आदर्श रेडियो श्रोता समूह मोतिपुर-७, कपिलवस्तुसँग अन्तर्क्रिया गरिएको थियो । समूह सदस्यहरूद्वारा आफ्नो अति नजिकको साथी (श्रीमान्/श्रीमती) बीचमा कार्यक्रमको प्रभावकारिताले ल्याएको सकरात्मक परिवर्तन जानकारी गराइएको थियो ।

५. घरायसी खाद्यान्न उत्पादन र पोषण समूहसँग छलफल:

सुनौलो हजार दिनका आमा र ग्रामीण नमूना कृषक समूह मालुङ्गा स्याङ्जासँग छलफल । कार्यक्रममा २० जना सुनौलो हजार दिनका आमाहरू र तिनका बच्चाहरूको सहभागिता थियो । सहभागीहरूले घरयासी खाद्यान्न उत्पादन सुआहारा कार्यक्रमले सिकाए अनुसार गरिएको र आफ्ना बच्चाहरूलाई समेत पूर्ण पोषणयुक्त खाना खुवाउने गरेको भनी बताएका थिए साथै साथमा ल्याएका बच्चा पनि पौष्टिक आहार पुगेका जस्ता हृष्टपुष्ट देखिन्थे ।

**सारांशः**

तीनदिने अवलोकन भ्रमणको सारांशमा संस्थाका क्रियाकलापहरू सकारात्मक पाइयो । अवलोकनमा सहभागी सदस्यहरूले संस्थामा हुने वार्षिक कार्यक्रमहरूमा केवल कार्यक्रमको नाम मात्र सुन्ने गरेको तर यस अवलोकनबाट कार्यक्रमलाई गहिराइमा गएर बुझ्न-देख्न पाइएको कुरा व्यक्त गर्नु भयो । वास्तवमा च्याउ खेतीको प्रभावकरिता निकै लामो समय पर्यन्त जीवन्त रहेको, अनाथ बच्चाहरूको लागि पुस्तकालय सहयोग, लैङ्गिक समानताका सफल अभ्यास एवं हजार दिने आमा र तीनका बच्चाहरूको असल पोषणको प्रत्यक्ष अवलोकन गर्न पाउँदा संस्थाको दूरदृष्टि निकै नै उत्साहजनक पाइएको सदस्यहरूले बताउनु भएको थियो । यसै गरी व्यक्तिको व्यवहार परिवर्तन, आनीबानी परिवर्तनका उदाहरणले भ्रमणका सहभागीहरूले भ्रमणलाई सार्थक र फलदायी भएको बताउनु भएको थियो ।

सरकार, निजी क्षेत्र, र नागरिक समाजको, ज्ञान, सीप र धारणामा परिर्वतन गरी क्षमता अभिवृद्धिका साथै सम्मानित एवम् अधिकारयुक्त जीवन यापनका लागी विजय विकास स्रोत केन्द्रद्वारा सञ्चालित तालिम तथा अध्ययन केन्द्र चेतना सदन विजय विकास स्रोत केन्द्रको आफ्नै साधन र स्रोतको प्रयोग गरी सामाजिक परिवर्तनका लागि एक आधुनिक सुविधा सम्पन्न तालिम केन्द्र हो । साथै विजय विकास स्रोत केन्द्रले विगत तीन दशक भन्दा बढी समयमा सङ्गालेका अनुभवलाई अन्य संघ-संस्था निकायसँग साटासाट गर्ने सिक्ने र सिकाउने स्थलको रूपमा विकास गरी चेतनामूलक तथा सीपमूलक तालिम गोष्ठी सेमिनार सञ्चालन तथा व्यवस्थापन गर्दै आइरहेको छ ।

२०७३ साउनदेखि २०७३ मंसिरसम्म सञ्चालित तालिम संख्या १५ सहभागी संख्या महिला १७० र पुरुष २५९ गरी ४२९ जनाले रहेको थियो भने अवलोकन भ्रमण सख्या ७ वटा मध्ये महिला १३२ र पुरुष १७४ गरी ३०६ जना रहेको छ जसको विस्तृत विवरण यहाँ प्रस्तुत गरिएको छ ।

| क्र. सं. | तालिम सख्या | तालिम तथा अवलोकन भ्रमण गर्ने संस्था | सहभागी संख्या | | जम्मा |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | |
| १ | ४ | इक्वेल एक्सेस | ६० | ४५ | १०५ |
| २ | १ | खानेपानी विभाग | १४ | २३ | ३७ |
| ३ | २ | विजय लघु वित्तिय संस्था | १० | ४५ | ५५ |
| ४ | १ | के.आई नेपाल | ८ | १८ | २६ |
| ५ | १ | मकवानपुर महिला साकोस | १८ | १ | १९ |
| ६ | १ | रियलान्स इन्टरनेशनल | ६ | १३ | १९ |
| ७ | २ | सुआहारा २ | १० | २६ | ३६ |
| ८ | १ | एमनेष्टी इन्टरनेहनल | २८ | ३६ | ६४ |
| ९ | १ | ब्यूटीफुल कफी | १२ | ३० | ४२ |
| १० | १ | फूलबारी साकोस | ४ | २२ | २६ |
| | १५ | जम्मा | १७० | २५९ | ४२९ |

| क्र. सं. | तालिम सख्या | तालिम तथा अवलोकन भ्रमण गर्ने संस्था | सहभागी संख्या | | जम्मा |
|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | |
| १ | १ | उच्च मूल्य कोष सुर्खेत | २ | २० | २२ |
| २ | १ | बाग्लुङ्ग दुग्ध उत्पादन स.स | १२ | ६ | १८ |
| ३ | १ | सृजना महिला बचत पोखरा | १५ | २ | १७ |
| ४ | १ | दाङ्गका ७ वटा सहकारी बाट | १३ | ४५ | ५८ |
| ५ | १ | अभिरुची बचत स.स | २० | ३० | ५० |
| ६ | १ | समाजसेवा तथा वातावरण र संस्कृती | ६५ | २४ | ८९ |
| ७ | १ | भानुभक्त बचत काभ्रे | ५ | ४७ | ५२ |
| | ७ | जम्मा | १३२ | १७४ | ३०६ |

## ख) साझेदारी कार्यक्रमका गतिविधिहरू

*बद्री लम्साल*

चितवन, नवलपरासी र कपिलवस्तुमा सञ्चालित 'परिवर्तन घरैबाट' एउटा अनुसन्धानमूलक परियोजना हो । विषेष गरेर विवाहित महिलाहरूले आफ्नै घर परिवार भित्र वा आफ्नै श्रीमान्बाट कस्ता खालका हिंसाहरू सहनु परेको हुन्छ र त्यस्ता हिंसा न्यूनीकरणका लागि के गर्न सकिन्छ अथवा श्रीमान्-श्रीमती बिचको सम्बन्धलाई कसरी सुमधुर बनाउन सकिन्छ भन्ने कुराहरू अनुसन्धानका माध्यमबाट पहिचान गर्ने र अनुसन्धानबाट आएको निश्कर्षका आधारमा आवश्यक योजना बनाई हिंसा न्यनीकरण गर्न सहयोग पुऱ्याउने अपेक्षाका साथ यो परियोजना सञ्चालनमा रहेको छ ।

यस परियोजनाले खास गरेर निम्न उद्देश्यहरूमा रही कार्यक्रमहरू सञ्चालन गरिरहेको छ :

- महिलामाथी हुने हिंसा तथा लैङ्गिक समानता सम्बन्धी सामाजिक र सांस्कृतिक मनोदृष्टि तथा व्यवहारलाई सकरात्मक प्रभाव पार्ने ।
- हिंसा निवारण गर्न प्रभावशाली भूमिका खेल्ने व्यक्ति, परिवार र समुदायको क्षमता तथा इच्छाशक्ति अभिवृद्धी गर्ने ।
- हिंसाबाट आफूलाई जोगाउनका लागि आवश्यक ज्ञान तथा रणनीतिका बारेमा महिलालाई सशक्तीकरण गर्ने ।
- परियोजनाका गतिविधिहरूको असर मूल्याङ्कन तथा विश्लेषण गर्दै सबैभन्दा उपयुक्त, प्रभाकारी र फलदायी विधि वा तरिका पहिचान गर्ने ।

माथि उल्लेखित उद्देश्य प्राप्तिका लागि परियोजनाले कार्यक्षेत्रभित्र रेडियो कार्यक्रम समझदारी उत्पादन प्रसारण, रेडियो श्रोता समूह गठन र रेडियो कार्यक्रम माथि छलफल, सहजकर्ताको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन भएका छन् । रेडियो कार्यक्रममा छलफल गर्ने कार्य हालसम्म ३५ सप्ताह पुगिसकेको छ । यस ३५ हप्ताको अवधिमा ४ चरणमा मुख्य गरेर हिंसा के हो, यसका प्रकारहरू, जीवन उपयोगी सीप, सुनाइद्वारा शिक्षा, व्यवहार परिवर्तनका चरणहरू आदि विषयवस्तुमा केन्द्रित रही सहजकर्ताको क्षमता अभिवृद्धि गरिएको थियो ।

बुँदागत रूपमा कार्यक्रमका मुख्य मुख्य गतिविधिहरूलाई यसरी हेर्न सकिन्छ:

- परियोजनाको आवश्यकता अनुसार ३ वटा जिल्लाका १८ गा.वि.स.मा ३६ जोडीको ७२ वटा रेडियो स्रोता समूह गठन ।
- कक्षा सञ्चालनका लागि ७२ जना स्थानीय सहजकर्ताको नियुक्ति र विभिन्न चरणमा तालिमका माध्यमबाट क्षमता अभिवृद्धि ।
- सबै ७२ समूहमा परियोजनाले निर्देशित गरे अनुसार नियमित कक्षा सञ्चालन ।



- हालसम्म सबै समूहमा ३५ औं हप्ताको कक्षा सञ्चालन सम्पन्न । जस अन्तर्गत ९ वटा संयुक्त (श्रीमान् श्रीमती) सत्र र २ वटा पारिवारिक सत्र समेत सम्पन्न ।
- परियोजनाको योजना अनुसार ३ वटा जिल्लाका निर्धारित सबै १८ जोडीसँगको मध्यकालीन गहन अन्तर्वार्ता सम्पन्न ।
- कपिलवस्तु जिल्लामा जि.वि.स. सँगको अन्तर्क्रिया कार्यक्रम सम्पन्न ।
- आवश्यकता अनुसारका प्रगति प्रतिवेदन सम्बन्धित निकायमा प्रस्तुत ।

- सम्बन्धित क्षेत्रका विभिन्न सामाजिक तथा धार्मिक अगुवाहरूलाई तालिम सञ्चलन र उनीहरूबाट समुदायस्तरमा हिंसा न्यूनीकरण सम्बन्धी हालसम्म २५ वटा प्रवचन कार्यक्रम सञ्चालन ।
- रेडियो कार्यक्रम र यस माथिको छलफलका कारण समूह सदस्यको पारिवारिक हिंसा न्यूनीकणमा उल्लेख्य परिवर्तन आएको आवाजहरू सुनिन थालेको ।
- समुदाय स्रतमा हिंसा न्यूनीकरण सम्बन्धी सचेतना अभिवृद्धिका लागि सडक नाटक प्रदर्शन गर्न स्थानीय नाट्य समूहसँग सम्झौता सम्पन्न र नाटक प्रदर्शनको तयारी आवस्थामा
- विजय विकास स्रोत केन्द्र केन्द्रिय कार्यालय (संस्थाका अध्यक्ष र कार्यकारी निर्देशक) बाट परियोजनाको अनुगमन ।
- रेडियो स्रोता समूहबाट दोस्रो चरण समाप्तिपश्चात् सञ्चालन गर्ने साना अनुदान कार्यक्रमका लागि क्रियाकलाप, प्रस्तावना-पत्र सङ्कलन कार्य प्रारम्भ ।

*हरिप्रसाद आचार्य*

**कार्यक्रम संयोजक**

विद्यार्थीले जति पढ्यो त्यो उसको सिकाइ उपलब्धिमा देखिनु आवश्यक हुन्छ । जसका लागि सरकारले निश्चित सिकाइ उपलब्धि तय गरेको हुन्छ । लामा र कठिन अध्यायहरू पाठ्यपुस्तकमा राखिनु र सूचनाहरूको क्रमलाई मिलाएर नदिनु, समयमा पाठ्यपुस्तकको उपलब्ध नहुनु जस्ता कारणले समेत सरकारले निर्धारण गरेका पाठ्यक्रममा बालबालिकाहरूको विश्वास र चासोमा कमी आएको छ । यही कुरालाई मध्यनजर राखेर साक्षरता कार्यक्रम सञ्चालन गरिएको थियो ।

**लक्षित समूहले पाएका अवसरहरू :**

विद्यार्थीले अतिरिक्त क्रियाकलापमा सहभागी, अभिभावकहरू विद्यालयप्रतिको क्रियाशीलतामा अभिवृद्धि, शिक्षकहरूमा सिर्जनशीलताको विकास, कर्मचारी तथा शिक्षकहरूमा क्षमता तथा नेतृत्व सीपको विकास ।

**समुदायले गरेका मुख्य प्रयासहरू :**

विद्यालयहरूमा रु. १० लाख पुस्तकालय कोष खडा, पढाइ गतिविधिलाई निरन्तरता दिइएको, एकघर एकपुस्तक भन्ने अभियानको चलाइएको, ३,३३७ पुस्तकहरू थप गरेको, तरकारी तथा फलफूलको बिक्रीबाट आएको आम्दानीलाई पनि कोषमा जम्मा, सेवा क्षेत्र भित्र बच्चा जन्मनासाथ १ पुस्तक प्रदान गर्ने अभियान सञ्चालन, विद्यालयले पुराना पाठ्य पुस्तक बिक्री गरी कोषमा जम्मा गरेको र अभिभावकले जन्मदिनको अवसरमा १ पुस्तक प्रदान गर्ने अभियान सञ्चालन ।

कार्यक्रममा सिकाइ, तोकिएको समयमा कार्यक्रमको अभिमुखीकरणले समयतालिका तथा वार्षिक योजना कार्यान्वयनमा सहज वातावरण तयार, राम्रा अभ्यासहरूलाई प्रस्तुत गर्दा पढाइ र पुस्तक जारीमा वृद्धि र विदामा पुस्तकालय खोल्ने तथा पुस्तक जारी हुँदा विद्यार्थीहरूमा पढ्ने बानीको विकासमा तथा पुस्तक संरक्षणमा सहयोग ।

**यस अवधिमा सम्पन्न गरिएका क्रियाकलापहरू**

- साझेदार संस्थासँग अर्ध बार्षिक समीक्षामा ।
- ५० वटा विद्यालयमा अभिभावक, विद्यार्थी, शिक्षकहरूसँग छलफल कार्यक्रम ।
- पुस्तकालय, साक्षरता तथा वाल दिवस ५० वटामा विद्यालयमा मनाइयो ।
- कार्यसमिति सदस्य र कर्मचारीहरूको सयुक्त रूपमा ३ वटा विद्यालयमा अनुगमन ।
- २०१३ मा स्थापित १८ वटा पुस्तकालय विद्यालय तथा समुदायलाई औपचारिक रूपमा हस्तान्तरण ।

*पूर्णबहादुर विश्वकर्मा*

**कार्यक्रम संयोजक**

गरिबी निवारण कोषसँग गत आ.व.मा आयआर्जन उप परियोजना सञ्चालन गर्नको निमित्त जम्मा २४ ओटा सामुदायिक संस्थाहरूसँग सम्झौता भएको थियो जस मध्ये १६ वटा सामुदायिक संस्थाहरूमा अन्तिम चौमासिकमा करीब ६९७ घरधुरीलाई घुम्ती कोषको रकम परिचालन गरिएको छ । जस अन्तर्गत लगानी भएको विवरण यस प्रकार छ :

**तालिका-१:**

| शिर्षक | आ.व. २०७२/०७३ | शुरु देखि हाल सम्मको जम्मा | लगानीका क्षेत्र प्रतिशतमा |
|---|---|---|---|
| पशुपालन | ३२८०८४० | ३२८०८४० | ७०।११ |
| कृषि | ३८८२९२ | ३८८२९२ | ८।२९ |
| उत्पादनमुलक | ३००००० | ३००००० | ६।४१ |
| व्यापार | ६६५५६० | ६६५५६० | १४।२२ |
| सेवा क्षेत्र | २०००० | २०००० | ०।४२ |
| क्षमाता विकास | २४४८३ | २४४८३ | ०।५२ |
| अनुगमन तथा मूल्यांकन | ० | ० | ० |
| **कूल जम्मा** | **४६७९१७५** | **४६७९१७५** | **१००** |

**गरीवी निवारण कोषाबाट हालसम्म संझौता भएको बजेट विवरण**

| सामुदायिक संस्थाहरूको संख्या | जम्मा रकम | सम्झौता रकम | | जम्मा |
|---|---|---|---|---|
| | | गनिकोबाट | समुदायको | |
| २४ वटा | | ९१,५९,९४३ | ८,९५,०५० | १,००,५४,९९३ |

**सहयोगी संस्थाको क्षमता विकास :**

गरिबी निवारण कोष नेपालको आयोजनामा नवलपरासी जिल्लामा कार्यरत ४ वटा साझेदार संस्थाका पदाधिकारी र कर्मचारी सहित

२९ जना सहभागी रहेको लेखा तथा घुम्तीकोष व्यवस्थापन तालिम 'होटल रिभर क्राउन' गैंडाकोट नवलपरासी मा मिति २०७३ कार्तिक १ देखि ५ गते सम्म सम्पन्न भएको थियो । यसमा प्रमुख प्रशिक्षकको रूपमा दाङ्ग जिल्लाका कार्यप्रबन्धक श्री किरण के.सी रहनुभएको थियो भने उक्त तालिममा नवलपरासीका कार्यप्रबन्धक श्री मिनराज गौतम र बाँके जिल्लाका कार्यप्रबन्धक श्री रिता सुवेदीको समेत उपस्थिति रहेको थियो । उक्त तालिममा सबै साझेदार संस्था सरह यस संस्थाबाट पनि कार्यरत ७ जना कर्मचारी र १ जना बोर्डबाट सहभागिता रहेको थियो । लेखा तथा घुम्तीकोष व्यवस्थापन सम्बन्धी उक्त तालिम ज्यादै प्रभावकारी एवं समय सान्दर्भिक र उपयोगी थियो ।

**सामुदायिक संस्थाको क्षमता विकास** :

समुदायका सदस्यहरूको ज्ञान, सीप, क्षमता, जाँगर, सुषुप्त अवस्थामा रहेको कलामा अभिवृद्धि गर्ने र निराशा एवं असन्तोष, अल्छी, असहयोगी व्यवहारमाथि प्रतिकार, प्रतिरोध एव सशक्त प्रहार गरी समुदायलाई सशक्तीकरण गर्ने गरिबी निवारण कोष कार्यक्रमको अर्को एउटा महत्त्वपूर्ण आधार स्तम्भ क्षमता अभिवृद्धि हो । यसैका माध्यमबाट आफ्नो आवश्यकतालाई प्राथमिकता दिई समुदायका सदस्यहरू व्यवसाय सञ्चालन गर्न अग्रसर हुन्छन् । योजना निर्माण, कार्यक्रमको निर्धारण, परियोजना छनौट, कार्यान्वयन, स्रोत साधनहरूको कुशल परिचालन तथा अनुगमन र मूल्याङ्कनका लागि पनि क्षमता विकास जरुरी छ क्षमता वृद्धिबाट नै मानव विकास हुने भएको र मानव विकास नै समग्र विकासको साधन र साध्य पनि भएकोले सामुदायिक संस्थाका सदस्यहरूसँग अन्तर्निहित परम्परागत पेशामा आधारित सीपलाई आधुनिक सीप विकाससँग समायोजन गर्दै गरिबी निवारण कार्यक्रमसँग सम्वन्धित आयआर्जन क्रियाकलापहरूमा विषयगत तालिमहरू दिई क्षमता विकासमा जोड दिइएको छ, जुन निम्न बमोजिम गरिएको छ ।

**सामुदायिक संस्थाहरूमा पशुपालन तालिम** :

कार्यक्रम कार्यक्षेत्रभित्र गठन भई दर्ता भएका जम्मा २४ सामुदायिक संस्थाहरू मध्ये गरिबी निवारण कोषमा सम्झौता भई आय आर्जन क्रियाकलापका लागि रकम प्राप्त गर्न सफल ८ वटा सामुदायिक संस्थाहरूका व्यवसायी सदस्यहरूका लागि व्यावसायिक पशुपालन सम्बन्धी तालिम प्रदान गरिएको छ । सामुदायिक संस्थाकै आयोजनामा सञ्चालन भएका ती तालिमहरू सहयोगी संस्थाको तर्फबाट सहजीकरण गर्ने कार्य सम्पन्न भएको छ । यसको मुख्य उद्देश्य लक्षित समूहका व्यक्तिलाई लाभदायक र दिगो व्यवसाय शुरु तथा सञ्चालन गर्न सहयोग गर्नु लक्षित समूहका व्यक्तिलाई लाभदायक र दिगो व्यवसाय शुरु तथा सञ्चालन गर्न सहयोग गर्नु रहेको थियो ।

**उपलब्धि** :

- ग्रामीण भेगमा रहेका कृषकहरूको चेतना अभिवृद्धि गर्न सहयोग पुगेको ।
- परम्परागत रूपमा रहेका रुढीवादी धारणा परिवर्तन गरी कृषि/पशुपालन व्यवसायलाई आधुनिकीकरण र व्यवसायीकरण गर्नमा सहयोग पुगेको ।
- व्यवसायलाई व्यवसायीकरण गर्नको लागि सहयोग पुगेको ।
- पशु वस्तुलाई नियमित रूपमा खोप तथा औषधी उपचार गर्नुपर्दछ भन्ने धारणाको विकास भएको ।
- पशु वस्तुको उमेर र अवस्था अनुसारको दानाको व्वस्थापन र खोर, गोठको व्यवस्थापन र रेखदेख तथा हेरचाहको ज्ञानमा विकास भएको ।
- घरायसी जडिबुटीको प्रयोगबाट बाह्य परजीविको नियन्त्रण गर्न सक्षम भएको ।
- व्यवसाय सञ्चालन गर्नको लागि उत्पादनमूलक पशुवस्तु छनौट गर्न सक्ने क्षमताको विकास भएको
- हावापानी अनुसार उत्पादन हुने पशुवस्तुको जातका बारेमा जानकारी पाउनु र छुट्याउन सक्ने भएको ।

**कार्यक्षेत्र** : भूकम्प अतिप्रभावित जिल्लाहरू काभ्रेपलाञ्चोक, सिन्धुपाल्चोक, दोलखा, रसुवा, रामेछाप, ओखलढुंगा, सिन्धुली, धादिङ्ग, गोरखा, नुवाकोट र मकवानपुर जिल्लाका सबै नगरपालीकाहरू

**कार्यक्रमको उद्देश्य** : वडा सचिव र सामाजिक परिचालकहरूलाई बालमैत्री स्थानीय शासन सम्बन्धी अभिमुखीकरण प्रदान गरी सम्बन्धित गाविसलाई बालमैत्री अवधारणा अनुरूप योजना निर्माण गर्न सहजीकरण गर्ने

**क्रियाकलाप/उपलब्धि** : बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम युनिसेफ नेपालको सहयोग साथै सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको संयोजनमा भूकम्प अति प्रभावित ११ जिल्लाहरूमा यो कार्यक्रम सञ्चालन गरिएको थियो । यसकार्यका लागि युनिसेफसँग छोटो अवधिको लागि सम्झौता गरिएको थियो । सम्झौता अनुसार १८ वटा अभिमुखीकरण कार्यक्रमहरू सफलतापूर्वक गरियो । कार्यक्रम सञ्चालन गरिएका नगरपालिकाहरू अन्तर्गतका वडा सचिव र सामाजिक परिचालकहरूलाई सहभागी गराई स्थानीय निकायहरूलाई बालबालिकाका आवाज र योजनाहरूलाई बालभेलाबाट नै नगर परिषदमा पठाउनका लागि पनि क्षमता विकास गर्छ । बालबालिकाहरू सवालहरूलाई उनीहरूनै सहभागी भएर यस समाधानका लागि सिर्जनशील योजना तयार गर्न सक्छन् भन्नका लागि यो अभिमुखीकरणले सहयोग गर्दछ । नगरपरिषद्बाट स्वीकृत भएका भन्दा भिन्न क्षेत्रमा पनि खर्च भएको पाइन्छ । भौतिक संरचनाहरूको पुन:निर्माणमा बालमैत्री संरचनाहरू पनि बनुन् र समग्र नगरपालिकाहरू बालमैत्री स्थानीय शासनको अवधारणाहरूलाई अवलम्बन गरी घोषणातर्फ उन्मुख हुनका लागि योगदान गर्दछ । यस कार्यक्रमका उपलब्धिहरू:

१. १८ वटा नगरपालीकाका वडा सचिव, सामाजिक परिचालकहरू जम्मा ४५० जना सहभागीहरूलाई २ दिने १८ वटा अभिमुखीकरणमा समेटिएको थियो । जस्मा २५७ पुरुष र १९३ महिला सहभागी रहेका थिए । १४ जना दलित, १६० जनजाती र २७६ अन्य थिए ।
२. अभिमुखीकरण पश्चात् नगरपालिकामा बालमैत्री स्थानीय शासन समिति गठन तथा बालभेला प्रक्रियागतरूपमा सञ्चालन भएका छन् ।

युएसएड सुआहारा दुई "असल पोषण" कार्यक्रमले नेपालका ४० ग्रामीण जिल्लाका महिला तथा बालबालिकाको पोषण स्थिति सुधार्ने लक्ष्य लिएको छ । नेपाल सरकार, निजी क्षेत्र र युएसएडद्वारा आर्थिक सहयोग प्राप्त अन्य परियोजनाहरूसँगको बहुक्षेत्रीय साझेदारीबाट यो लक्ष्य हासिल गरिनेछ ।



सुआहारा दुईले आमा, नवजात शिशु र कलिला बालबालिकाको स्वास्थ्य र गुणस्तरीय पोषणको सेवाको प्रयोगलाई बढाउने छ ।

## पृष्ठभूमि

नेपालले हाल विशाल चुनौती तथा संक्रमणकालको सामना गरिरहेको छ । यस पृष्ठभूमिमा, पर्याप्त सेवा नपुगेका समूहहरूको स्वास्थ्य तथा पोषणको सुरक्षा गर्नु महत्वपूर्ण रहेको छ । पछिल्लो दशकमा अल्प पोषणको सूचकहरूमा सुधार आएको भएता पनि, अझै पाँच वर्ष मुनिका ४१ प्रतिशत बालबालिकाहरू शारीरिक रूपमा अल्प विकसित (स्टन्टेड) रहेका छन्।[१] ३९ देखि ४८ प्रतिशत किशोरीहरूमा रक्तअल्पता[२] एक सरोकारको विषय हो, गर्भवती महिला तथा ६ देखि ५९ महिनाका बालबालिकामा पनि रक्तअल्पता देखा परेको छ । अपर्याप्त निर्णय क्षमता र स्रोतप्रतिको नियन्त्रण, शीघ्र तथा बारम्बार हुने गर्भधारण र महिला उपर हुने अत्यधिक कामको बोझको प्रकारमा रहेको लैङ्गिक विभेदले महिला तथा बालबालिकामा हुने अल्प पोषणलाई योगदान पुऱ्याएको छ । खानेपानी तथा सरसफाइसँग सम्बन्धित नराम्रा अभ्यासहरूले पनि स्वास्थ्यसँग सम्बन्धित प्रतिफलहरूमा नकारात्मक असर पुऱ्याएको छ । नेपालले खुला दिसा गर्ने अभ्यासको अन्त्य गर्ने सिलसिलामा ठूलो उपलब्धि हासिल गरेको छ, तर पनि नेपालको एक-तिहाइ घरधुरीमा अझै पनि शौचालय छैन पनि र १४ प्रतिशतले मात्र पानी शुद्धीकरणको प्रभावकारी विधिको प्रयोग गर्छन् ।[३] सुधार भए तापनि स्वास्थ्य सेवाको प्रयोग अल्परूपमा प्रयोग भएको छ । सन् २००५ देखि २०११ सम्ममा विश्व स्वास्थ्य संगठनबाट सुझाइएको न्यूनतम चारवटा गर्भावस्थामा गरिनु पर्ने जाँच गर्ने महिलाको अनुपात २९ प्रतिशतदेखि बढेर ५० प्रतिशत पुगेको छ । लगभग २७ प्रतिशत महिलाहरूले जन्मान्तर राख्न वा शिशु जन्मदरलाई सीमित राख्न चाहेका छन् तर परिवार नियोजनका साधनको प्रयोग गर्दैनन्[४] ।

### संक्षेपमा


**परियोजनाको समायावधि**: अप्रिल २०१६ देखि मार्च २०२१ सम्म

**लक्ष्य**: नेपालमा महिला तथा बालबालिकाको पोषण स्थितिमा सुधार ल्याउने ।

**कार्यान्वयन्का साझेदारहरू**:
हेलेन केलर इन्टरनेशनलका साथै केयर, एफएचआई ३६०, इक्वेल एक्सेस, इन्भाइरोमेन्ट एण्ड पब्लिक हेल्थ अर्गनाइजेसन, नेपाल टेक्निकल असिस्टेन्ट ग्रुप, विजय विकास स्रोत केन्द्र

**भौगोलिक केन्द्रविन्दु**: सबै क्षेत्रका तराई, पहाडी तथा हिमाली क्षेत्रका ४० जिल्लाहरू

## कार्यक्रमको सिंहावलोकन




युएसएडको सुआहारा दुई कार्यक्रम एक पञ्चवर्षिय बराबारको १००० दिनमा अर्थात् गर्भधारणदेखि बच्चा २४ महिनाको नहुन्जेन्ल सम्मका बच्चा तथा आमाको स्वास्थ्य तथा पोषणको स्थिति सुधार गर्नका लागि प्रतिवद्ध एक एकीकृत कार्यक्रम हो । यो १००० दिनको समयलाई बच्चाको वृद्धि र विकासमा पोषणको कार्यक्रमले अधिकतम प्रभाव पार्ने महत्वपूर्ण समयावधिको रूपमा पहिचान गरिएको छ ।[५] यो परियोजना नेपाल सरकार र अन्य सरोकारवालाहरूको परामर्शमा तर्जुमा गरिएको हो र यसले नेपालको बहुक्षेत्रीय पोषण योजनाले निर्धारण गरेका लक्ष्यहरू

१ नेपाल जनसाख्यिंक स्वास्थ्य सर्वेक्षण, २०११
२ ऐंजन
३ नेपाल मल्टिपल इन्डिकेटर क्लष्टर सर्वे, २०१४
४ नेपाल जनसाख्यिंक स्वास्थ्य सर्वेक्षण, २०११
५ मातृ तथा शिशु पोषणमा लान्सेट २००८ का सिरिजहरू

प्राप्त गर्नमा योगदान पुऱ्याउने छ । छनौट गरिएका जिल्लाहरूमा, सुआहारा दुईले नेपाल सरकारलाई किशोरकिशोरी लक्षित स्वास्थ्य तथा पोषण सेवाहरू विस्तार गर्नमा सहयोग गर्नेछ । परियोजनाले विशेषगरी, रक्तअल्पता, प्रजनन् स्वास्थ्य, महिनावारीसँग सम्बन्धित सरसफाई, खाद्य विविधता, स्वास्थ्य सेवा उपयोग र ढिलो विवाह प्रतिको सामाजिक मनोवृत्तिलाई सम्बोधन गर्नेछ ।

**कार्यक्रमका क्रियाकलापहरू**

- अन्तरव्यक्ति संवाद, रेडियो कार्यक्रम, अर्धवार्षिक पोषण सप्ताह, र मोबाइल प्रविधिसहितको विस्तारित बहुआयामिक व्यवहार परिवर्तन रणनीति मार्फत प्रमुख मातृ, नवजात शिशु तथा कलिला बालबालिका पोषण अभ्यासहरूको अनुपालन प्रवर्द्धन गर्ने ।
- समुदायमा आधारित नवजात शिशु तथा बालरोगको एकीकृत व्यवस्थापन कार्यक्रम (सिबिआइएमएनसीआई)को दायरा विस्तार गर्ने र बाह्य सम्पर्क क्लिनिक तथा स्वास्थ्य केन्द्रमा वृद्धि अनुगमन तथा पोषण प्रवर्द्धनलाई सुदृढ बनाउने ।
- गर्भधारणको स्वथ्यवर्धक समय र जन्मान्तरका बारेमा प्रभावकारी परामर्श प्रदान गरी आमा र शिशुहरूको जीवनरक्षामा सुधार गर्ने ।
- विद्यालयमा भएका र बाहिर रहेका किशोरीहरूमा आइरन फोलेट अनुपुरण र किरा निवारण (डिवर्मिङ) अभियान सञ्चालनका लागि महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई परिचालन गर्ने ।
- घरायसी शौचालय सुविधा तथा समुदाय सरसफाई मापदण्ड र साथमा खानेपानी तथा सरसफाई प्रविधिको लागि निजी क्षेत्रसँगको सम्बन्धनको प्रवर्द्धन मार्फत सफा पानी र सरसफाइको अवस्थामा सुधार ल्याउने ।


**सम्पर्कः**

**अन्तर्राष्ट्रिय विकासका लागि अमेरिकी निकाय (यूएसएआइडी)**

पोष्ट बक्स २९५, ब्रम्हा कटेज, महाराजगंज, काठमाडौं, नेपाल

**टेलिफोनः** ९७७-१-४२३४०००

**फ्याक्सः** ९७७-१-४००७२८५

**इमेलः** usaidnepal@usaid.gov
www.usaid.gov/nepal
www.facebook.com/usaidnepal
www.twitter.com/usaidnepal

**हेलेन केलर इन्टरनेशनल नेपाल**

पोष्ट बक्स ३७७५२, पाटनढोका सडक ललितपुर, नेपाल

**टेलिफोनः** ९७७-१-५२६०२४७

**इमेलः** clandry@hki.org

**वेबः** www.hki.org


- सीमान्तकृत वर्गका महिला कृषकहरूका लागि पोषणदायी आहारको छनौट, उत्पादन, फसल पश्चातको भण्डारण, र प्रशोधनका उपायहरू मार्फत पोषणदायी आहारको उपभोगमा सुधार गर्नका लागि बजारीकरण तथा मूल्य श्रृंखलाका अवसरहरू विकास गर्ने ।
- स्वास्थ्य र पोषण सम्बन्धित विद्यमान राष्ट्रिय समन्वय समितिहरू मार्फत सरकार र अन्य सरोकारवालाहरू बीच स्वास्थ्य र पोषणमा समन्वय सुदृढीकरण गर्ने ।
- बहुक्षेत्रीय पोषण योजनाको कार्यान्वयनलाई थप प्रभावकारी बनाउनका लागि जिल्ला र गाउँ विकास समिति स्तरमा सरोकारवालाहरूको क्षमता सुदृढ बनाउने ।
- पोषण, स्वास्थ्य र खानेपानी तथा सरसफाइको क्षेत्रमा काम गर्ने अग्रपङ्क्तीका कार्यकर्ताहरूको ज्ञानमा अभिवृद्धि गर्ने ।

**मुख्य नतिजाहरू**

- लक्षित ४० जिल्लामा पाँच वर्ष मुनिका बालबालिकामा व्याप्त अल्प शारीरिक विकास, कम तौल र कुपोषणमा कमी ।
- घरायसी स्वास्थ्य तथा पोषण सम्बन्धी व्यवहारमा सुधार ।
- गुणस्तरीय मातृ, नवजात शिशु तथा बाल स्वास्थ्य सेवा र परिवार नियोजनका सेवाहरूको प्रयोगमा वृद्धि।
- खानेपानी तथा सरसफाइ सम्बन्धित अभ्यासहरूमा सुधार ।
- महिला र उनीहरूका परिवारद्वारा विविध तथा पोषणयुक्त आहारको उपभोगमा वृद्धि ।
- घरधुरीहरूको खाद्यसुरक्षामा सुधार ।
- १५ वटा सुआहारा जिल्लाका प्रमुख पोषण तथा स्वास्थ्य सेवा सम्बन्धित तत्त्वहरू नेपाल सरकारको व्यवस्थापनलाई हस्तान्तरण ।

*नारायणचन्द्र बोहरा*

**सामुदायिक परिचालक**



बोटे जातिको पुर्ख्यौली पेशा भनेको नै नदी किनारमा घर बनाई बस्ने र नदीमा माछा मारेर आफ्नो दुई छाक टार्नु हो । यस्तै बोटे समुदायकी सुनिता बोटेको ५ जनाको परिवारले धौ-धौ गरी जीविकोपार्जन गरिरहेको थियो । आफ्ना ३ छोराछोरीहरूको भविष्यको चिन्ताले सुनिता बोटेले आफ्ना श्रीमान्लाई नचाहेर पनि वैदेशिक रोजगारमा पठाउन बाध्य थिइन् । श्रीमान्सँग वैदेशिक रोजगारका लागि कुनै सीप तथा तालिम नभएकोले विदेशमा पनि उनले सोचेअनुसार कमाई गर्न सकेनन् ।

गरिबी निवारण कोषको कार्यक्रम कोल्हुवा गाविसमा आएपश्चात् सुनिताले आफ्नो र बालबच्चाको भविष्य सुखद बनाउनुका साथै आर्थिक स्तर उकास्नका लागि कोषले सहयोग गर्ने कुरा बुझिन् । गरिबी निवारण कोषले अनुदान रकम दिने भएपछि सुनिताले विदेशमा रहेका आफ्ना श्रीमान्लाई "जे जस्तो सकिन्छ यही गरौंला घर आउनुहोस्" भनी बोलाइन् । श्रीमान्ले विदेशमा दु:खले कमाएको थोरै पैसा र सामुदायिक संस्थाबाट प्राप्त अनुदान रकमबाट रु.२०,०००।- ऋण लिएर उनीहरूले खुद्रा पसल सञ्चालन गरे । अहिले पसल राम्रो चलेको छ । सुनिताका श्रीमान् विहान बेलुका पसलमा सघाउँछन् भने दिउँसोको समयमा ज्यालादारीमा काम गर्न जान्छन् । दिउँसो सुनिताले पसल सञ्चालन गर्दछिन्, पसलबाट मासिक करिब रु.७,५००।- आम्दानी हुन्छ । उक्त आम्दानी हाल उनले पसल विस्तारमा नै लगाएकी छन् भने श्रीमान्को ज्यालादारीको कमाइले घरखर्च चलेको छ । हाल उनीहरूको परिवारमा खुसी छाएको छ ।

सिकाइ : जनचेतना प्राप्त गर्नु सबै भन्दा राम्रो ज्ञान रहेछ । कुनै पनि कार्यमा लगनशिल भएर लागियो भने सफलता हाँसिल गर्न सकिने रहेछ ।

*मनोज कुमार गुप्ता*

**सहजकर्ता**

त्रिमूर्ति प्रा.वि.मा पुस्तकालयद्वारा विभिन्न कार्यक्रमहरूमा सहभागी गराई विद्यार्थीहरूको अन्तरनिहित प्रतिभा प्रस्फुटन गर्नका लागि अभिप्रेरित गरेको उदारण विद्यालयको कक्षा ५ मा पढ्ने (उमेश हरिजन र उमा हरिजनका छोरा) चन्दन हरिजनले देखाएका छन् । विभिन्न किसिमका शैक्षिक सामग्री र चित्रहरू बनाउने प्रयास गर्दा उनको आर्थिक अवस्था बाधक थियो । चन्दन हरिजनलाई विद्यालयको पुस्तकालय भित्र रहेका विभिन्न किसिमका चित्रहरू र शैक्षिक सामग्रीहरू उपलब्ध गराएर उनीभित्र रहेको प्रतिभालाई प्रस्फुटन गराउने काम गरेको छ । आज त्यो विद्यार्थीले माटोको समेत मूर्ति बनाउने जमर्को गरेर अहिले त्रिमूर्ति प्रा.वि.लाई नै जिल्लामा चिनाउने काम गरेका छन् ।

चन्दन हरिजन जस्ता विद्यार्थीहरू पुस्तकालयको माध्यमले चित्रकार र मूर्तिकार बन्नेमा वातावरण सिर्जना होला भन्दै शिक्षक तारा कुमारी चौधरी थप्नु हुन्छ "विद्यालयमा पुस्तकालय स्थापना गर्ने भन्दा मलाई भित्रभित्रै हर्षले गदगद् भएका थियौ किन भने मलाई पुस्तकको बारेमा जानकारी लिनेदिने गर्न असाध्यै मनपर्ने र म पुस्तकालय शिक्षकको रूपमा छानिएकामा झन खुसी थिए । विद्यालयमा पुस्तकालय स्थापना भएदेखि बच्चाहरूलाई रुटिङ अनुसार पुस्तकालयमा लैजान थालियो । मैले चित्र बनाएर रङ्ग भर्दा बच्चाहरू पनि नक्कल गर्न थाले । यसै गरी दिनप्रतिदिन बित्दै जाँदा कक्षा ५ मा अध्ययनरत एउटा गरिब, दलित परिवारको चन्दन हरिजन (वर्ष १० को) ले मैले लाइब्रेरिमा रङ्ग भरेको चित्र बनाएको नक्कल गर्न थाल्यो । यतिसम्म उसको मनलाई पुस्तकालयले छोयो कि कक्षामा पनि सबै भन्दा अनुशासन, मेहनती छात्र गरिबीको कारणले रंगहरू किन्न नसकेपनि सादा चित्रहरू कोर्दै जान थाल्यो । उसले पढ्ने पाठका धेरै चित्रहरू कोरिसकेको छ, यसको मेहनत र गरिबीको अवस्थालाई मनन् गरेर पुस्तकालयबाट कटर, पेन्सिल, रगंहरू, सहयोग गर्न थालियो । उसलाई यो सहयोगले अझ बल पुगेको महसुस भएपछि उसले सरस्वती, चन्द्रमाको यात्रा भन्ने पुस्तकको उस्तै नक्कल गरेर बनाएको चित्र छ । त्यस्तै करेशाबारीमा जडिबुटी, डोरा, दुर्गामाता, डिंगो ड्रागन कागजबाट बनाईका फुलका थुगां, पुतली आदि । अहिले आएर उसले माटोबाट मूर्तीहरू पनि बनाउन सुरुवात गरेको छ । यस्ता विद्यार्थीले राम्रो अवसर पाएमा भविष्यमा चित्रकार बन्न सक्छ भन्ने मलाई विश्वास छ । सानो सहयोगबाट यति उत्साहित विद्यार्थी अवसर पाए भविष्यमा धेरै राम्रो गर्न सक्छ भन्ने लाग्दछ ।

अन्त्यमा विद्यार्थी चन्दन हरिजन भन्छन्। शुरुमा उहाँले मलाई बोलाएर तिमीलाई मनपर्ने चित्र बनाऊ भन्दा म निकै खुसी थिएँ किन भने कक्षा ५ मा धेरै विद्यार्थीहरू मध्ये मलाई चित्र बनाउन प्रोत्साहन गरिरहनु भएको थियो । अहिले मलाई घरमा बस्न पनि मन लाग्दैन कतिबेला विद्यालय जाऊँ र फुर्सदको समयमा

लाइब्रेरिमा पसेर चित्र बनाउ जस्तो लाग्छ । म अहिले मेहनत गरेर होलफस्ट हुने प्रयास पनि गरिरहेको छु । यसरी सहयोग भएर माटाका मूर्ति बनाउने प्रयास गरेको छु । मैले सरस्वतीको माटाको मूर्ति बनाएर पुस्तकालयमा कलर गरेर राखेको छु ।

*दिलमाया तरामु*
**शिक्षक नमूना प्रा. वि.**
**धुरकोट-९, नवलपरासी**



श्री नमूना प्रा.वि. धुरकोट गाविस वार्ड नं. ९ मा अवस्थित छ । आर्थिक स्रोतको कमी भएको र आफ्नै ढाँचा/शैलीद्वारा कक्षा सञ्चालन हुने गरेको यस विद्यालयमा कुनै सेवा सुविधाहरू थिएन। विद्यालयमा आएर शिक्षकले पढाउने बाहेक कुनै क्रियाकलापहरू नहुने भएकोले गर्दा विद्यार्थीहरू विद्यालयमा आउन गाह्रो मान्दथे । जब सन् २०१३ मा पुस्तकालय शिक्षकहरूलाई पुस्तकालय सञ्चालन तौर-तरिकाहरूको बारेमा तालिम प्रदान गऱ्यो । त्यसपछि सोही अनुसार विद्यालयमा आएर पुस्तकालय सञ्चालन गऱ्यौं । विद्यालयमा विद्यार्थीहरूको आउने संख्यामा वृद्धि हुन गयो । अहिले विद्यार्थीहरू पुस्तकालयमा नै धेरै समय बिताउन मन पराउने भएका छन् । खाली समयमा वा टिफिनको समयमा घरमा भागेर सताउने विद्यार्थीहरू अहिले खाली समयको सदुपयोग गरी पुस्तकालयमा नै समय बिताउन मन पराउँछन् । पुस्तकालयमा जानका लागि कक्षा अनुसार बार, समय र घण्टी लेखिएको छ । पुस्तक जारी गर्दा मिति तिथि सम्झन सक्ने क्षमताको विकास भएको छ। विद्यार्थीहरूको स्तर अनुसार पुस्तकहरू पढ्न पाउदा पढाइको स्तरमा वृद्धि भएको र जोडी पढाईले गर्दा एक अर्कामा भएको ज्ञान प्रस्फुटन गर्न सक्नुका साथै साथी-साथी बीचमा भावनात्मक सम्बन्ध कायम राख्न सहयोग पुऱ्याएको छ । पुस्तकहरू कक्षा अनुसार विषय वस्तुसँग मेल खाने खालको भएको हुँदा फलस्वरूप विद्यार्थीहरूलाई थप ज्ञान हासिल गर्ने अवसर मिलेको छ । साथमा कक्षा १ र २ का लागि उपयुक्त हुने काठका सामग्रीहरूले गर्दा विद्यार्थीहरूलाई सिकाइमा झन सहजता मिलेको छ ।

राष्ट्रिय विभूतिहरूको पोष्टर, देशका लागि योगदान दिएका शहिदहरूको पोष्टर, प्रधानमन्त्री, जस्ता राष्ट्रिय विभूतिहरूको पोष्टर, जातित्व अनुसारका भेष-भूषाहरू, हाम्रो देशलाई चिनाउने राष्ट्रिय जनावर, राष्ट्रिय फूल, राष्ट्रिय झण्डा र राष्ट्रिय पंक्षी जस्ता महत्वपूर्ण तस्विरहरू हेर्न र पढ्न पाउदा विद्यार्थीहरूले देशप्रतिको पहिचानको बारेमा राम्ररी बुझ्न पाउँदा विद्यार्थीहरूलाई बाहिरी कुराको थप ज्ञान प्राप्त भएको पाइन्छ । यतिमात्र नभएर यस पुस्तकालयका पुस्तकहरू समुदायका मानिसहरूले लगेर पढ्न पाउने हुँदा हर्ष र खुसीका साथ यी पुस्तकहरू पढेर खाली समयको सदुपयोग गरेर व्यावहारिक ज्ञान हासिल गरेका छन् ।

## ग) घरायसी खाद्यान्न उत्पादन तथा बजारीकरण विशेषः

*जिल्ला कृषि विकास कार्यालय सिन्धपाल्चोकका वरिष्ट कृषि विकास अधिकृत हिक्मत कुमार श्रेष्ठसँग घरायसी खाद्यान्न उत्पादन तथा बजारिकरण अधिकृत वीरभद्र सापकोटाले गरेको कुराकानीमा आधारित*

१. घरायसी खाद्यान्न उत्पादन तथा पोषण सुधारका लागि समुदाय आफैले गरेका प्रयासहरू कस्ता छन् ? कस्ता खालका उत्पादन गर्ने गरेका छन् ? उत्पादनलाई बढाउन कसरी सकिएला ?

☞ धेरै समदाय परम्परागत कृषि प्रविधिमा आधारित रहेर खेतीगर्ने गरेका छन् भने केही समुदायका सीमित कृषकहरू उन्नत तरिका र आधुनिक प्रविधि अपनाएर परम्परागत कृषिलाई परिवर्तन गर्दै कृषि पेशालाई आय आर्जनको माध्यम बनाएको पाइन्छ । तर धेरैजसो कृषकसँग केही जमीनको स्वामित्व छ, पशुपालन छ, आफूसँग जे स्रोत-साधन छ त्यसैमा निहित रहेर कृषि कर्म गरेको पाइन्छ । जेनतेन परम्परा धानेको जस्तो देखिन्छ ।

प्रायः गरी उत्पादन गरिने कृषि उपजहरू धान, गहुँ, मकै, कोदो, आलु प्रमुख रूपमा रहेका छन् । पारिवारिक पोषणलाई सहयोग पुग्ने घरवरिपरि करेसा बारी वा मूलाबारीमा थोरै थोरै तरकारी खेती पनि गर्ने गरेको पाइन्छ । साथै हावापानी सुहाँउदो एक दुईवटा फलफूलका बिरुवा जस्तै आँप, लिची, अम्बा, कटहर, सुन्तला, कागती, निबुवा आदि लगाएको पाइन्छ । आय आर्जनका लागि माध्यम कै रूपमा लिने कृषकहरूले भने टनेलमा तरकारी खेती, बीउ उत्पादन, अलैंची खेती, कफी, किवी, ट्राउट माछा पालन गरेर मनग्य आम्दानी लिने गरेका छन् ।

प्रथमत: कृषकहरूलाई संगठित बनाउने, समूह र सहकारीका माध्यामबाट कृषकहरूलाई संगठित गरी उत्पादन तथा बजारको योजना बनाउन सिकाउने, प्रविधि सिकाइ केन्द्र स्थापना गरी ज्ञान र सिप प्रदान गर्ने । कृषकहरूले पनि आत्मा देखि नै यो हाम्रो लागि हो हामीले गरे के हुदैन जे पनि गर्न सकिन्छ भन्ने सकरात्मक सोँचका साथ आउनु पर्दछ । हरेक चुनौती र समस्यालाई अवसरका रूपमा लिएर गर्न सकिन्छ भन्ने भावना जगाउनु पर्दछ । साथै सेवा प्रदायक चाहे सरकारी होस वा गैरसरकारी संघ-संस्था जो कोही समुदायमा सहयोगको लागि आउनेले सहयोगी सोंचका साथ उत्तरदायित्व बहन गरी पारदर्शी ढंगले सेवा दिनु पर्दछ ।

२. घरायसी खाद्यान्न उत्पादन तथा बजारीकरणको कामलाई सम्बन्धित जिल्लामा कसरी अगाडि बढाउनु हुन्छ ? के कस्ता कुरामा सहजीकरण गर्नु पर्ला ?

☞ व्यावसायिक रूपमा खेतीगर्न चाहने कृषकहरूकालागि उत्पादन सामग्री, मल बीउ, सिंचाई, कृषि औजार, उपकरण आदिमा समूह सहकारी मार्फत अनुदान व्यवस्था गर्नु पर्दछ । माटो सुधारलाई प्राथमिकतामा राखी प्रांगारिक मल, गडयौली मल, भकारो सुधार, झोल मल तयारी तथा प्रयोग गर्ने कार्यक्रम अभियान कै रूपमा सञ्चालन गर्नुपर्दछ । माटो शिविर, वाली रोग उपचार शिविर, सञ्चालन गरी गाँउ घर मै सेवा दिने कार्यक्रम संचालन गर्नुपर्दछ । संकलन केन्द्र, रष्टिक स्टोर, हाट बजारको व्यवस्था गर्नुपर्दछ । त्यसैगरी उत्पादन गरेको वस्तु धेरै क्षति हुने गरेको छ ।

त्यसैले पोष्ट हार्भेष्ट क्षति न्यूनीकरण गर्न कृषकहरूलाई उचित भण्डारण, ढुवानी, सरसफाई, ग्रेडिंग जस्ता कुरामा सहजीकरण गर्नु पर्दछ ।

३. वर्तमान कृषि बजारको अवस्था कस्तो छ ? उत्पादनलाई बजारमा लैजाने गरेका छन् वा गाउघरमा नै बेच्ने गरेका छन् ?

☞ कृषि उपजहरूले बजार नपाएको गुनासो धेरै आउने गरेको छ । व्यवस्थित बजार नहुँदा उत्पादन पनि व्यवस्थित हुन सक्तैन । आफैले उत्पादन गरेको वस्तु आफै बोकेर बजार लैजाने गरेको पाइन्छ । बजारीकरणमा उपभोक्ता र साना कृषकहरूलाई प्रत्यक्ष भेट गराउने माध्यम हाट बजार हुन सक्छ । हाट बजारलाई व्यवस्थित गर्न सके उत्पादन बढाउन सकिन्छ । कृषकले उत्पादित वस्तुको उचित मूल्य पाउन सक्छ र उपोक्ताले पनि कम मूल्यमा ताजा कृषि उपज पाउन सक्छ । कृषकहरूले टाढाको बजारमा उपज लैजान संगठित भएर उत्पादन गर्ने र एकै स्थानमा संकलन गरी लैजानु पर्दछ । बजारमा कुन उपजको माग बढी छ ? कहिले उत्पादन गरियो भने सजिलै बेच्न सकिन्छ ? कति उत्पादन गर्ने ? कहाँ लगेर बेच्ने ? जस्ता प्रश्नको उत्तर खोजेर योजना बनाएर उत्पादन शुरु गरे सफल भइन्छ ।

भौगोलिक बनावट, हावापानी तथा जैविक विविधताको आधारमा यस जिल्लामा सबै किसिमका बालीहरूको खेती गर्न सकिन्छ । खाद्यान्न, तरकारी, फलफूल, नगदेवाली, माछा आदि । तर पनि पकेट ब्लक तयार गरेर नै गर्न सकिने वालीहरूमा धान, मकै, कोदो खेती र बीउ उत्पादन गर्न सकिन्छ । त्यसैगरी तरकारी, अलैंची, कफी, अदुवा, बेसारलाई पकेट क्षेत्र तयार गरी खेती गर्न सकिने प्रशस्त सम्भावना छ । केही गा.वि.सहरूमा सुन्तला जातको फलफूल, अनार खेती र किवी खेती पनि गर्न सकिन्छ ।

बजार पूर्वाधार तयार हुनु परयो, मूल्य श्रृंखलाका सबै तहहरूलाई व्यवस्थित र वैज्ञानिक बनाउन सक्नु पर्दछ । जस्तै उत्पादनका सामग्री र आवश्यक उपकरणहरूको सहज उपलब्धता, सिंचाईको व्यवस्था, वाली विमाको सबै तहमा ग्यारेण्टी, उत्पादित उपजको पोष्ट हार्भेष्ट प्रविधि, बजार सञ्जालका बारेमा जानकार हुने, बजार सूचना प्रणालीको विकास आदि गरी कृषि बजारलाई सुधार गर्न सकिन्छ ।

महिला सदस्यको निर्णय प्रक्रियामा सहभागिता, पहुँच, नियन्त्रण आंशिक रूपमा देखिन्छ । सबै घरायसी सन्दर्भ तथा अन्य महत्त्वपूर्ण सवालमा महिला पुरुष दुबैको सहमति र आपसी छलफलबाट हुन्छ कि हुँदैन भन्ने कुरा मुख्य हो । कतिपय समुदायमा सम्पूर्ण पक्षहरू महिलाहरूमा नै केन्द्रित हुन्छ भने कतिपय समुदायमा पुरुषहरूले जिम्मेवारी वहन गरेको देखिन्छ । महिलाहरूको पहुँच वृद्धि गर्न महिला पुरुष दुबै पक्षलाई सशक्तीकरण गर्न आवश्यक छ । महिलाहरूका पक्षमा वकालत गर्नु भन्दा पनि महिला र पुरुष दुवैको क्षमता अभिवृद्धि गर्ने, कार्य क्षमता बढाउने, कार्यबोझ घटाउने खालका प्रविधिहरू समुदाय केन्द्रित गर्नुपर्दछ । महिला तथा वालबालिकाको पोषणको अवस्था सुधार गर्न सुआहारा कार्यक्रमले महत्त्वपूर्ण भूमिका निर्वाह गरिरेहको छ । तर कार्यक्रमहरू दिगो रूपमा देखिने खालका हुनुपर्दछ । पोषण सुधार गर्न आवश्यक मुख्य चुरो कुरो भनेको सन्तुलित आहार प्रयोग गर्ने वानीको विकास गर्नु हो । सन्तुलित आहार भनेको सबै कृषि क्षेत्रबाट प्राप्त हुने हो । त्यसैले कृषि कार्यक्रमहरू प्याकेज कै रूपमा लैजानु पर्दछ । उत्पादन गरेर मात्र हुँदैन खाने बानी पनि बसाउनु पर्दछ ।

१००० दिनका आमाले किनेर खाने अवस्था सृजना गर्नु भन्दा पनि पारिवारिक उत्पादनलाई बढी जोड दिने कि, नपुगेका पोषण युक्त आहार त किन्नै पर्ला । यसका लागि वस्तुको उपलब्धता बढ्नु पर्छ र आमाको क्रयशक्ति पनि बढाउने कार्यक्रम सँगसँगै लैजानु पर्दछ । कतिपय सीमान्तकृत समुदायमा परिवार कै पालन पोषणमा समस्या भइरहेको हुन्छ । त्यसैले पारिवारिक पोषण सुधारका लागि पारिवारिक पोषण युक्त आहार उत्पादन गर्ने तथा तयार गर्ने कार्यक्रम सञ्चालन गर्न जरुरी छ ।

*योगेश मिश्र*

**घरायसी खाद्यान्न उत्पादन तथा बजारीकरण अधिकृत**



जानकी धामी, २७ दार्चुला जिल्ला तपोवन-५, भुस्याडमा उनका श्रीमान् मानसिह, सासु र २९ महिनाको छोरी अन्जनासंग बस्छिन्। जानकी हाल ५ महिनाकी गर्भवती छिन् । दैनिक गुजारा चलाउन श्रीमान् स्थानीय बजारमै स्टेशनरी पसल सञ्चालन गरेका थिए । घरमा खेतीपाती र गाई-भैसी पालन गरेकोले जानकीको धेरै समय मेलापात, गाई-वस्तु स्याहार र खेतीपातीमा नै वित्ने गर्थ्यो । श्रीमान्ले कक्षा ९ पास गरेपनि जानकी भने सामान्य साक्षर मात्र हुन् । पहिलो बच्चा अन्जना गर्भमा रहेको बेला यिनले त्यति धेरै आफ्नो स्वास्थ्यको हेर विचार नगरेको र स्वास्थ्य सेवा लिनु पर्ने बारे त्यति धेरै जानकारी आफूमा नभएको बताइन् ।

सुआहारा कार्यक्रमको सहयोगमा सञ्चालित घरायसी खाद्यान्न उत्पादन सम्वन्धी तालिम लिइन् । तालिमपश्चात् उनले घरपरिवार बच्चा र आफ्नो लागि घरायसी बगैंचा आवश्यक रहेको जानकारी पाइन् र विभिन्न तरकारीका वीउहरू समेत प्राप्त गरिन् । पोषण तथा सरसफाई र व्यवहार परिवर्तनका लागि सञ्चार सम्वन्धी तालिम पनि प्राप्त गरिन् । सो तालिममा उनकी सासु पनि सहभागी भएकी थिइन् उनले पोषणको महत्त्व, आफ्नो बच्चाको स्याहार तथा सरसफाई वारे जानकारी प्राप्त गर्नका साथै गर्भावस्थामा लिनुपर्ने स्वास्थ्य सेवाको पनि जानकारी प्राप्त गरिन् । पहिले कुखुरा पालन नगरेको घरमा अण्डाको महत्त्व बुझि कुखुरा पालन गर्न उत्साहित भइन् । घर नजिक गाई-वस्तु बाँध्न पनि मुस्किलले ठाउँ थियो त्यसैले घरदेखि टाढा करिव १० मिनेटको बाटोमा आफ्नै पसल नजिक खोर निर्माण गरी कुखुरा पालन गर्ने योजना बनाइन् र कार्यक्रमबाट ५ वटा उन्नत जातको कुखुरा प्राप्त गरिन् । २०७० माघमा घरायसी खाद्यान्न उत्पादन सम्वन्धी पुनर्ताजगी तालिममा समेत अवसर पाइन् ।



जानकीले पोषणको लागि पसल नजिकको जग्गामा तरकारी लगाइन् । पछि उनका श्रीमान्ले पनि सहयोग गरे । यद्यपि तरकारी बारी टाढा भएकोले बाँदरले तरकारी नोक्सान गर्ने समस्या रहेको थियो । कुखुरा पाल्नका लागि अर्द्धबन्देज खोर पनि बनाइन् र जाली पनि लगाइन् । रु.१०,०००।- जति लगानी गरेर १ भाले र ४ पोथीबाट कुखुरा पालन शुरुवात गरिन् । उनले पछि थप चल्ला उत्पादन गरी स्थानीय तथा उन्नत जातका कुखुराको संख्या वृद्धि गरिन् । घर परिवारलाई समेत पोषणयुक्त खाना मासु र अण्डा खाने गरेको छन् । आफ्नो छिमेकीहरूलाई बचेको अण्डा र कुखुराका चल्ला पनि बिक्री गरेकी छिन् । पोषणयुक्त तरकारी र अण्डा मासु र पोषिला खानेकुरा उत्पादन नियमित रूपमा गर्ने र कुखुराको खोरलाई अझै व्यवस्थित गरी कुखुराको संख्या वृद्धि गर्ने योजना बनाएकी छिन् ।

*गणेशराज गिरि*

**घरायसी खाद्यान्न उत्पादन तथा बजारीकरण अधिकृत**

भोजपुर जिल्लाको उच्च पहाडी क्षेत्रमा बर्षे आलु, नास्पती, ओखर, आरु, आरुवखडा, खुर्पानी जस्ता लेकाली फलफुल खेती गरिँदै आएको छ भने पहाडी क्षेत्रमा सुन्तला जात फलफूल तथा मौसमी एवम् बेमौसमी तरकारी खेती गरिँदै आएको छ । भित्री मधेश, खोँच तथा वेंसी तथा नदी किनारका छेउहरूमा आलु, बर्षे तरकारी, हिउँदे तरकारी तथा वेमौसमी तरकारी खेतीका साथै सदाबाहार फलफूल खेती गरिँदै आएको छ । पोषण स्थितीमा सुधार गर्नका लागि समुदायस्तरमा उच्च प्राथामिकताका साथमा विभिन्न कार्यक्रमहरू सञ्चालित छन् । USAID को सहयोगमा सञ्चालित सुआहारा कार्यक्रमले सुनौला १००० दिनका आमाहरू तथा २ वर्षमुनिका बच्चाहरूको पोषण सुधारका लागि महत्वपूर्ण भूमिका खेलेको छ । भोजपुर कृषिमा आधारित जिल्ला भएता पनि हाम्रो परिवेशमा विविध तथा

पोषणयुक्त खाद्यान्नमा आधारित खेती प्रणाली नहुनु नै कुपोषणको मुख्य समस्याको रूपमा रहेको छ । मानिसलाई चाहिने सूक्ष्म पोषण तत्त्वको उपलब्धताका लागि घरायसी खाद्यान्न उत्पादनले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । तसर्थ सुआहारा कार्यक्रमले १००० दिनका आमा र २ बर्ष भन्दा कम उमेरका बच्चाको पोषण स्थिति सुधार्नका लागि घरवरपर विविधतायुक्त तथा पोषण प्राप्त हुने तरकारी खेती (हरियो तथा गाढा हरियो सागपात), हेलेन सकखरखण्ड, पहेंला जातका फलफूल र साना पशु पालन अन्तर्गत कुखुरा तथा १५ से.मि. भन्दा साना माछा पालनलाई जोड दिंदै आएको छ ।



घरको तरकारी बगैंचामाकामगर्दै नमूना कृषक निनाथापा

भोजपुर जिल्लाका ५४ वटा गाविस र २ नगरपालिकामा पोषण स्थिति सुधार गर्न व्यवहार परिवर्तनका कार्यक्रम सञ्चालन हुँदै आइरहेको सन्दर्भमा ३० वटा गाविसहरूमा विपन्न समुदायका १००० दिनका आमा तथा उहाँको परिवारका लागि घरायसी खाद्यान्न उत्पादनमा सुधार ल्याउन विविध तथा पोषणयुक्त तरकारी खेती तथा अर्धबन्देज कुखुरापालनमार्फत पोषण तत्वको सुनिश्चताका लागि एक गाविसमा ३ जनाका दरले ९१ जना उत्कृष्ट ग्रामीण नमूना कृषकहरू छनौट गरी क्षमता अभिवृद्धिका लागि तालिमहरू तथा सामग्री सहयोग (तरकारीका बीउ, कुखुराका चल्ला आदि) कार्यक्रमहरू सञ्चालन गरिएको थियो । १००० दिने आमा तथा महिला स्वास्थ्य स्वयंसेविकाहरूलाई पोषणयुक्त तरकारीको बीउ वितरण गरी विपन्न समुदायका मानिसले घरमा नै पोषणयुक्त तरकारीहरू र उन्नत जातका कुखुरा पालनबाट स्थानीय स्तरमा मासु तथा अण्डाहरू उत्पादन गरी खान सक्छन् । अन्यत्र माग्न नपरोस् साथै महंगो मूल्यमा बजारबाट खरीद गर्न नपरोस् भन्ने महसुस गराउँदै व्यवहारमा समेत लागू गर्नका लागि सुआहारा कार्यक्रममार्फत पहल गरिरहेको अवस्थाले समुदायको व्यवहारमा सकारात्मक प्रभाव परेको देखिन्छ ।

यस जिल्लाको सन्दर्भमा समुदाय स्तरबाट घरायसी खाद्य उत्पादनका लागि प्रयासहरू गरेको पाइन्छ । विविध तथा पोषणयुक्त तरकारीहरूको उत्पादन गर्ने तथा उन्नत कुखुराहरू पालन गरी अण्डाहरू उत्पादन गरेर आमा तथा बच्चाहरूले उपभोग गर्नुको साथै उपभोग गरेर बाँकी रहेको तरकारी, कुखुरा तथा अण्डाहरू स्थानीय स्तरका बजार तथा हटियाहरू (हाँट बजार) मा आफै एवम् परिवारका अन्य सदस्यले लगेर विक्री गर्ने गरेको पाइन्छ । बैकुण्ठे-९, निवासी ग्रामीण नमूना कृषक श्री निना थापाले लसुन, रायो, मुला, गाजर, मटर, धनिया, बैगन, खुर्सानी, प्याज, काउली, काङकुङ लगायतका तरकारीहरू उत्पादन गर्नुको साथै अर्धबन्देज रूपमा कुखुरा पालन समते गर्नु भएको छ । उहाँले स्थानीय बजार तथा हाँट बजारहरूमा उपभोग गरेर बाँकी रहेको तरकारी, कुखुरा तथा अण्डा विक्री भईरहेको बताउँनु हुन्छ । त्यस्तै तिम्मा-५ निवासी ग्रामीण नमूना कृषक श्री रेनुका राईले हालसालै रु.१,२०० को बेर्ना र रु.४,००० को २ वटा कुखुरा विक्री गरी जम्मा रु.५,२०० आम्दानी गरेको बताउनुहुन्छ । उहाँले घरमा नै बेर्ना उत्पादन गरेर विक्री गरेको बताउँदै स्थानीय समुदाय तथा ठेकेदारहरू घर घरमा नै खरीदका लागि आउने गर्दछन् त्यसैले उत्पादन गर्न सक्यो भने विक्रीको समस्या नभएको समेत बताउनु हुन्छ ग्रा.न.कृ.रेनुका राई ।पहिला यसरी विविध तथा पोषणयुक्त तरकारीहरू लगाउने, कुखुराहरू र अण्डाहरू १००० दिनका आमाहरू र २ बर्षमुनिका बच्चाहरूलाई खुवाउने प्रचलन त्यति नभएको सुनाउँदै सुआहारा कार्यक्रम सञ्चालन भएपछि समुदायको व्यवहारमा परिवर्तन भएको बताउने गर्दछन्, यसजिल्लाका ग्रामीणनमूना कृषकहरू ।



भोजपुर नगरपालिकामा प्रत्येक शनिवार सञ्चालित हटिया (हाँट बजार)

भोजपुर जिल्लाभर करीब २० वटा विभिन्न स्थानमा हप्ते तथा १५ दिने बजार लाग्ने गरेका छन् । जहाँ विशेष गरी तरकारी, फलफूल, कुखुरा, गेडागुडी, सुँगुर लगायत लत्ता कपडा र घरायसी आवश्यक सामानहरू बजारमा खरीद विक्री हुने गरेको छ । यस्ता खालका बजारमा स्थानीय स्तरमा नै उत्पादन भएका तरकारीहरू, फलफूल, कुखुरा, गेडागुडी, सुंगुरहरू स्थानीय समुदायले नै विक्री गर्न ल्याउने गरेको पाइन्छ । साथै ठूलो परिमाणमा भएको उत्पादनलाई ठेकेदारहरूले घरमा नै गई उत्पादनलाई किनेर यस्तो बजाहरूमा विक्री गर्ने गरेको समेत पाइन्छ ।

समग्रमा भोजपुर जिल्लामा ग्रामीणनमूना कृषकहरूलाई थप क्षमता अभिवृद्धि गराई स्थानीय स्रोत व्यक्तिको रूपमा तयार गरी स्थानीय स्तरमा घरायसी खाद्यान्न उत्पादन गर्नका लागि उनीहरूमार्फत १००० दिनका आमाहरूमा पुगी विविध तथा पोषणयुक्त तरकारी उत्पादन गर्नुको साथै अर्धबन्देज रूपमा कुखुरा पालन गरी कुखुराको मासु तथा अण्डा मार्फत पोषणयुक्त खाना खानको लागि सन्देश पुऱ्याई नेपालमा कुपोषण न्यूनीकरणका लागि यसले थप टेवा पुऱ्याउने देखिन्छ । साथै बचेका तरकारी, फलफूल, कुखुरा र अण्डाहरूलाई ग्रामीणनमूना कृषकहरूकै नेतृत्वमा सबैको उत्पादनलाई सङ्कलन गरी स्थानीय बजारसम्म पुऱ्याउन तथा सहज रूपमा

विक्री वितरण गर्नुपर्ने देखिन्छ । साथै सञ्चालित स्थानीय स्तरमा हप्ते तथा १५ दिने बजारलाई व्यवस्थित रूपमा सञ्चालन गराउनका लागि सहयोग गर्नुपर्ने देखिएको छ ।

*हस्तबहादुर लमाटाङ्गे*

**धरायसी खाद्यान्न तथा बजारीकरण अधिकृत**

नुवाकोट जिल्लामा घरायसी खाद्यान्न उत्पादन तथा पोषण सुधारका लागि समुदायका ग्रामीण नमूना कृषक, हजार दिनका आमाहरूले सुआहारा प्रथमबाट सिकेका सिकाइहरूलाई निरन्तरता तथा समुदायमा व्यवहारमा परिवर्तनको बाटोलाई अंगाली रहेका छन् जसबाट बाह्रै महिना पोषणयुक्त खानाको उपलब्धतामा वृद्धि भै आइरहेको छ विशेष गरी सुआहाराले प्रदान गरेको बीउ बिजन, क्यड्कुङ, सुन्तला रङको शखरखण्डा, गोलभेडा, काउली गाजर, कुकुराको अण्डा आदि जस्ता पोशणयुक्त तरकारी उत्पादन गरी बेच बिखन समेत गरेको छन् साथै सुआहाराले सहयोग गरेका स्थानीय कृषि कार्यकर्ताहरू जिल्ला कृषि विकास कार्यालय मार्फत ५१ दिने तालिम लिई आफ्नो उत्पादनमा विविधीकरण ल्याई मौसमी तथा बेमौसमी तरकारी खेती, कुखुरा पालन, माछा पालन, फलफूल खेती, नगदे बालीका साथै थोपा सिंचाईमा खेती गरिआएका छन् । हरिप्रसाद खनाल नर्जामन्डप गाविसका एक सक्रिय नमूना कृषक हुन् । उनले बीएड सम्मको शिक्षा हासिल गरेका छन् । सुआहाराले प्रदान गरेको सल्लाह र सहयोगले बार्षिक तरकारी र कुखुरा पालनबाट ६ लाख आम्दानी गरेका छन् । साथै घरायसी खाद्यान्न उत्पादन समूह गठन गरी नियमित बैठक सञ्चालन र हजार दिनका आमाहरूलाई सहयोगमा निरन्तर लागिरहनु भएको छ । यस्तो सक्रिय नमूना कृषकहरूलाई अझै उत्पादन बढाउनका लागि जिल्ला कृषि विकास र पशु सेवा कार्यालयबाट उपलब्ध हुने सेवा सहयोगमा आवद्ध गराउने र अन्य गैरसरकारी संस्था जसले ठूलोमात्रामा भौतिक सहयोग गर्दछ । त्यस्तो खालको सेवा उहाँहरूलाई उपलब्ध गराउन हामीले सहयोग गर्नुपर्दछ । घरायसी खाद्यान्न उत्पादनको बजारीकरणको लागि जिल्लामा भएका विभिन्न सरोकारवाला निकायले चालेका प्रयासहरूमा थप जोडदिई बजारीकरणलाई सवल बनाउन सकिन्छ । जिल्ला कृषि विकास कार्यालयका श्री छविलाल शर्माले घरायसी खाद्यान्न उत्पादनको बजारीकरणलाई दिगो रूपमा विकास गर्न स्थानीय स्तरमा हाटबजार निर्माण गर्ने जसमा जिल्लाको ३ स्थानमा (खैरेनीटार, देवीघाट, थनपति) हाटबजारको राम्रो सम्भाव्यता भएको बताउनु भयो । साथै चाइनाले भर्खरै नुवाकोटको बजार विस्तारको लागि सरकारी तहबाट कुरा चलाउदै र बजारको विश्लेषण गर्दै आएको छ । नुवाकोटमा विशेष गरी गोल्भेडा उत्पादनलाई जोड दिई विभिन्न ठाउमा प्रदर्शनी गरिएको छ साथै बजारीकरणलाई प्रबर्धन गर्न विभिन्न सञ्चार माध्यमबाट सचेतना तथा विज्ञापन कार्यक्रममा बढी जोड दिनुपर्छ भन्ने कुरा जानकारी गराउनु भयो । प्रसार तथा योजना अधिकृत हरि पनेरु र कृष्ण उपाध्यायका अनुसार पोष्ट हार्भेस्ट प्रविधि तथा शुन्य इनर्जी स्टोरेजलाई जोड दिनु पर्छ र आलु उत्पादनको लागि नुवाकोटलाई सुपर जोन बनाई औद्योगिककरणको रूपमा चालु गर्ने योजना बनाइएको छ । पशु विकास कार्यालयका प्रमुख श्री खगेन्द्र राज भट्टका अनुसार नुवाकोट मासु र दुध उत्पादनमा आत्मनिर्भर भएको तर अण्डा उत्पादनमा कमी भएकोले कुखुराको अण्डा उत्पादनलाई बढी प्राथमिकता दिई चल्ला उत्पादन केन्द्र स्थापना गरी उत्पादनलाई बढाई बजारीकरण गर्न सकिन्छ र मासुबाट बन्ने विभिन्न प्रकारका ससेस्, मिट्बल, अचारहरू बनाई बजारमा लैजान सकिने बताउनु भयो ।

सुआहारा प्रथममा ग्रामीण नमूना कृषकहरूलाई छनौट गरी घरायसी खाद्यान्न उत्पादन सम्बन्धी तालिम तथा बीउ बिजन कृषि साधन उपलब्ध गराइएको थियो । सुख्खा मौसममा हुने साग कयाङकुङ र सुन्तला रंगको सखर खण्डा पौष्टिकतत्वले भरिपूर्ण छ त्यसको उत्पादनमा बढी जोडदिएको र मासु अण्डाको लागि कुखुरा बढी उत्पादन तथा पोषणमा बढी टेवा दिइएको छ । साथै अण्डा उत्पादनको लागि खानईगाऊ र बेलकोट गाविसमा चल्ला उत्पादन गर्ने स्रोत केन्द्रको रूपमा स्थापना गर्न जस्ता प्रयास गरेको थियो । ३७५ जना ग्रामीण कृषकहरू जसमा केही निस्क्रिय छन् बाँकीले घरायसी खाद्यान्न उत्पादनलाई निरन्तरता दिइरहेका र हजार दिनका आमाहरूलाई सहयोग तथा सल्लाह प्रदान गर्दै नियमित बैठक सञ्चालन गर्दै आएका छन् साथै व्यावसायिक रूपमा स्थापित हुने चाहना प्रकट गरेका छन् त्यसकारण नमूना कृषकहरूलाई अझ तालिम तथा भौतिक सहयोग गरी अगाडि बढाउन आवश्यक छ । वर्तमान् बजारको अवस्था त्यती ठूलो स्तरमा छैन थोरैमात्रामा भएको उत्पादनहरु स्थानिय स्तरमा नै खपत हुने गरेको छ । नुवाकोट जिल्ला काठमाण्डौबाट नजिकै भएकोले बजार विस्तार गर्नको लागि कुनै कठिनाई छैन । त्यसकारण नुवाकोटलाई एउटा पकेट क्षेत्रको रूपमा विस्तार गर्न सकिन्छ । स्थानीय स्तरमा हाटबजारको सुविधा भएमा उत्पादनमा अझ बृद्धि हुने थियो । अण्डाको माग तथा आवश्यकतालाई बुझी अहिले चल्ला उत्पादन तथा अण्डा उत्पादनमा बढी रुची भएको पाइएको छ ।

उत्पादनलाई बजारसम्म पुऱ्याउनको लागि स्थानीय स्तरमा सामुहिक बजार, हाटबजार, सङ्कलन केन्द्रका साथै पोस्टहार्भेस्ट टेक्नोलोजीलाई व्यवस्थित रूपमा सञ्चालन गर्नको लागि स्थापना तथा विस्तारको लागि जिल्ला स्तरमा सहजीकरण गर्नुपर्ने देखिन्छ ।

*जीवन झवाली*

**घरायसी खाद्यान्न तथा बजारीकरण अधिकृत**

सल्यान जिल्लामा एकिकृत पोषण (सुआहारा) कार्यक्रमले समुदायमा सकारात्मक सन्देश दिएको छ र परिवर्तनको शुरुवात गरेको छ । जिल्लाका सबै गाविसमा सञ्चालन भएको पहिलो चरणको सुआहारा कार्यक्रमले सफलता पाएपछि दोस्रो चरणको कार्यक्रम पाँचवर्षको लगि फेरि यो जिल्लामा भित्रिदाँ सबै सल्यानबासीहरू र सबै सरोकारवालाहरूले खुसी व्यक्त गरेका छन् ।

सुनौला १,००० दिनका महिला, आमा तथा बच्चाहरूको स्वास्थ्य तथा पोषण अवस्थामा सुधार ल्याउने उद्देश्यलेयस जिल्लामा सुआहारा दोस्रो चरणको कार्यक्रमले फेरि पनि सफलपूर्वक सम्पन्नहुने मुख्य सरोकारवालाहरू र समुदायका मानिसहरूको धारणा रहेको छ । आमा तथा बच्चाको पोषण अवस्था सुधार गरेर समाजमा सकारात्मक परिवर्तन ल्याउने यो असाध्यै राम्रो नमूना कार्यक्रम छ भन्नुहुन्छ राजनैतिक दलका प्रतिनिधिहरू र गाविस सचिवहरू । सुआहारा कार्यक्रमले स्वास्थ्य तथा पोषणमा मात्रै केन्द्रित नभई कृषि, खानेपानी तथा सरसफाई लाई पनि सँगै समेटेर लाने भएको हुँदा यो कार्यक्रम थप प्रभावकारी हुने देखिएको छ । त्यसैगरी हरेक बार खाना चार भन्ने सिद्धान्तले पनि समुदायका विपन्न, दलित, जनजाति वर्गहरूमा व्यवहार सम्बन्धी सकारात्मक परिवर्तन आएको छ । आमा समूहहरू मार्फत हरेक टोल गाउँमा हात धुने सही तरिकाको ज्ञान र व्यवहारमा परिवर्तन आएकोले सरुवा रोगहरूमा न्यूनता आएको छ । हरेक घरमा करेसाबारी निर्माण गरी हरियो सागपात तथा पहैंला फलफूल उत्पादन र उपयोग गर्न सिकाइएको हुँदा यसको प्रभाव समुदायमा सकारात्मक छ । सल्यान जिल्लामा ग्रामीण नमूना कृषकलाई घरायसी खाद्यान्न बाली उत्पादन सम्बन्धी तालिम पाएको समूहले नयाँ १००० दिनका आमाहरूलाई घरायासी खद्यान्न उत्पादन समूह मार्फत शिक्षा सुचना दिदै आएका छन् । गाउँमा नमुनाको रूपमा घरायसी खाद्यान्न बाली उत्पादन गरेका छन् । तीनीहरूले अरुलाइपनि सिकाउने कार्य गरेका छन् । यो जिल्ला घरायसी खाद्यान्न बाली उत्पादन गरी खाएर बचेको खाद्यान्नबाली बेच्न सकिने सम्भावना रहेको जिल्ला हो ।

समुदायस्तरमा हरेक घर परिवारका सदस्यहरू सुआहाराको कार्यक्रम र यस सम्बन्धी गतिविधिहरू र सन्देशहरू 'भन्छिन् आमा' रेडियो कार्यक्रम मार्फत लाभान्वित भएका छन् । किशोर किशोरी सम्बन्धी प्रभावकारी कार्यक्रम 'भन्छिन् आमा' रेडियो कार्यक्रमद्वारा नियमित प्रसारण भए खुसी हुने अपेक्षा राख्दछन् किशोरकिशोरीहरू ।

*हस्तबहादुर कार्की*

**घरायसी खाद्यान्न उत्पादन तथा बजारीकरण अधिकृत**

डडेल्धुरा जिल्ला जम्मा जनसंख्याको ९३ प्रशित मानिसहरू कृषि पेशामा आधारित छन जसमध्ये ३४ प्रतिशत घरधुरीहरूलाई ३ महिना भन्दा कम खाना पुग्छ ।[१] घरायसी खाद्यान्न उत्पादन तथा पोषण सुधारका लागि यस जिल्लाका समुदायले गरेका प्रयासहरू, जिल्लामा समुदायले घरायसी खाधान्न उत्पादन र पोषण सुधारका लागि विभिन्न किसिमका आफ्नै प्रयासबाट कामहरू गरिरहेको अवस्था छ । समुदाय स्तरमा प्रायजसो मानिसहरूले आफ्नो घर वरिपरिको खेत वा बारीमा बिभिन्न किसिमका हरिया सागपात, पहेला फलफुल साथै कुखुराहरू अर्धबन्देज खोरमा पालिरहेको अवस्था छ । यस्को साथै प्रत्येक बार खाना चार भन्ने ज्ञानको विकास भएको देखिन्छ साथै यस्को अभ्यास पनि गर्न थालेका छन् । विशेष गरेर १००० दिनका आमा र २ वर्षमुनिका बच्चाको स्वास्थ्यमा पोषणको अवस्थालाई मध्यनजर गर्दै उनीहरूलाई विविध तथा पोषण तत्वयुक्त खाद्यान्नको उपभोग गर्न थालेका छन् । जस्तै उदाहरणको लागि १. अधिकांश ग्रामीण नमूना कृषकहरू र अन्य लाभान्वित वर्गहरूले स्थानीय जातका कुखुरा किनी चल्ला उत्पादन गरेको राम्रो प्रयास छ । २.घरायसी बगैचामा विविध किसिमका तरकारी तथा पशुजन्य स्रोत उत्पादन गरी आफू र आफ्नो बच्चालाई खुवाउने गरेका छन् । ३ .घरायसी करेसाबारीबाट उत्पादित तरकारी तथा पशुजन्य स्रोतबाट दुध, अण्डा, माछा बिक्री गरी घरायसी खर्च चलाउने गरेको अभ्यास छ । ४ .सफा घरका सूचकहरू पार गर्ने गरेको अवस्था छ । ५. बच्चाको लागि तयार गरिने जाउलो तथा लिटोमा हाल हरियो तरकारी तथा अण्डा मिलायर खुवाउने गरेका छन् । यस्तै प्रयासहरू घरायसी खाधान्न उत्पादन तथा पोषणमा सुधारको लागि स्थानीय जनताहरूले अभ्यास गर्ने गरेका छन् ।

यस जिल्लामा सुआहारा पहिलो चरणमा १३० जना ग्रामीण नमूना कृषकहरू छनौट गरिएका थिए । ग्रामीण नमूना कृषकहरू सक्रिय रूपले घरायसी खाधान्न उत्पादनमा लागिरहेको अवस्था छ । सुआहारा दोस्रो चरणको कार्यक्रम लागू भएपछि ग्रामीण नमूना कृषक छनौट गर्ने कार्य बाकी नै छ । जिल्ला कृषि विकास कार्यालय डडेल्धुराले यस वर्षका लागि तय गरेका कार्यनितिहरू जिल्लामा सम्भाव्यताको आधारमा कृषि उत्पादन, पकेट क्षेत्रको पहिचाहन तथा निर्धारण गर्ने, जिल्लाका सिंचित पकेटहरूमा उत्पादकत्व वृद्धि तथा बाली सघनता प्रर्बधन कार्यक्रम सञ्चालन गर्ने, सडक यातायात र सिंचाई सुविधा पुगेका पकेटहरूमा बजारमुखि उत्पादन बढाउन

१ सुआहारा परियोजना प्रथम चरणको प्रतिवेदन

तरकारी, फलफुल र नगदेबालिहरूमा जोड दिने, कृषि विकासका लागि आवश्वक पर्ने कृषि सामग्रीहरूको आपुर्तिमा निजि र सामुदायिक क्षेत्रलाई प्रेरित गर्ने, आवश्वक पौष्टिक पदार्थको उत्पादन तथा उपभोगद्वारा सर्वसाधारणको पोषण स्थितिमा सुधार ल्याउन, जिल्लाको समष्टिगत कृषि विकासको लागि सम्बद्ध सबै पक्षसँग आवश्यक समन्वय राखि अघि बढ्ने र दिगोपना प्रवर्द्धन गर्ने प्रविधिको प्रसार गर्ने । जिल्ला कृषि विकास कार्यलय डडेल्धुराले सञ्चालन गर्ने कार्यक्रमहरू कृषि प्रसार, एकीकृत बाली तथा जल व्यवस्थापन, सहकारी खेती, साना सिंचाई तथा मल बीउ ढुवानी, बाली विकास, मध्य पहाडी बृहत्तर मकै उत्पादन, भटमास उत्पादन प्रबधन, सामुदायिक बिउ बैक सञ्चालन, कृषि तथा खाध सुरुक्षा आयोजना, घर बगैंचा र साना तथा मझौला कृषक आय स्तर वृद्धि आयोजना छन् ।

घरायसी खाद्यान्न उत्पादनको कार्यलाई सबल र सक्षम रूपले अगाडि बढाउन हामीले डडेल्धुरा जिल्लामा कार्यरत सरोकारवाला सरकारी कार्यलय जस्तै जिल्ला कृषि विकास कार्यलय, जिल्ला पशु सेवा कार्यलय, कृषि सेवा केन्द्र, पशु सेबा केन्द्र आदिमा समन्वय तथा सम्पर्क गर्ने त्यसैगरी किसान, पहलसँग कार्यक्रमको बारेमा समन्वय तथा सम्पर्क गर्दै कार्यक्रमको दोहोरोपना आउन नदिने । यस्को साथै ग्रामीण नमूना कृषकहरूलाई घरायसि खाद्यान्न उत्पादन तर्फ अग्रसर गराउने । डडेल्धुरा जिल्लाको हकमा कृषि तथा पशु कार्यालयसँग सरोकार राख्ने बिभिन्न सरकारी तथा गैर सरकारी संस्थाहरूको एउटा Agriculture Development Alliance स्थापना भएको छ । महिनाको एक पटक कृषि एलाइन्सको बैठक जिल्ला कृषि विकास कार्यलयमा बस्छ र सो बैठकमा सम्पूर्ण सरोकारवालाहरूले महिनाभरि आफूले गरेका क्रियाकलापहरूको बारेमा अनुभव आदान-प्रदान गर्दछन् । चौमासिक रूपमा कृषि एलाइन्सको मुखपत्र बुलेटिन प्रकाशित गर्ने कुरा वरिष्ठ कृषि विकास अधिकृतले बताउनु भयो। जिल्लालाई कृषिमा व्यावसायीकरण गर्नको लागि ग्रामीण नमूना कृषकहरूलाई व्यावसायिक तरिकाले समाहित गर्ने र सिजन अनुसारको तरकारी उत्पादनको लागि आवश्यक सामग्रीहरू प्लाष्टिक घर, टनेल, साना सिंचाइ कार्यक्रम आदिको व्यावस्थापन गर्ने तथा सिंचाइको अभाव भएका स्थानमा थोपा सिंचाइ कार्यक्रम र प्राङ्गारिक तथा जैविक मलको उत्पादन क्षमताको अभिवृद्धि गर्ने तथा कम्पोष्ट मल निर्माणमा अभ्यास गर्ने जस्ता सम्भावनाका क्षेत्रहरू छन् ।

कृषि क्षेत्रमा डडेल्धुरा जिल्ला तरकारी र फलफूल निर्यात गर्ने जिल्लाको रूपमा चिनिन सक्छ जस्का लागि सम्भावना बोकेका गाविसहरूमा बगरकोट गाविसमा व्यावसायिक रूपले तरकारी उत्पादन गर्ने गरेका छन्, असीग्राम, आलिताल, गाङ्खेतमा मौरीपालन गरिरहेका छन् र अन्य सम्भाबित क्षेत्रमा पशुपालनको लागि परशुराम नगरपालिका र अमरगढी न.पा.का छेउका वडाहरू, कुखुरा पालनको लागि आलिताल गाविस, बंगुरपालनको लागि मगर समुदायको वस्ती भएको बुडर क्षेत्र, काफल र आल्चाको जुसको लागि गैरा, गाङ्खेत गाविसहरू छन् ।

कृषि क्षेत्रबाट उत्पादित बस्तु बिक्री वितरण गर्नको लागि डडेल्धुरा जिल्लामा अमरगढी नगरपालिका, परशुराम नगरपालिकाका जोगबुढाका साथै राजमार्गका स–साना क्षेत्र गैरा, बुडर, भातकाँडा, साउखर्क, स्याउले आदि रहेका छन् । हाटबजारको व्यवस्था नभएको हुदा धेरै जसो किसानहरू उत्पादन गरेका बस्तुहरूलाई आफै बोकेर बजारसम्म ल्याउने गर्दछन् । कतिपय गाँउघरको स्थानीय बजारमा नै बिक्री हुन्छ । बगरकोट गाविस तरकारीको लागि पकेट क्षेत्र मानिन्छ र व्यापारिहरू साधन लिएर कृषकको घरमा बस्तु खरिदका लागि आउने गर्दछन् । हाट बजार नहुँदा कृषकहरूलाई समस्याको महसुस भएको यहाँका उद्योग वाणिज्य संघ तथा बजार व्यवस्थापनका पदाधिकारीको भनाई रहेको छ । यो जिल्लामा प्रविधिको अभावका कारणले चल्ला उत्पादन र अण्डा उत्पादनको कार्य अगाडि बढाउन सकिएको अवस्था छैन । यो जिल्लाका जोगबुढा, आलिताल र बुडरमा चल्ला उत्पादन र अण्डा उत्पादन सेन्टर स्थापना गर्नुपर्ने देखिन्छ । र स्थानीय स्तरमा सङ्कलन केन्द्र स्थापना गर्न लगाएर कृषकहरूले उत्पादन गरेका वस्तुहरूलाई बजारसम्म ल्याउनु सहज वातावरण सृजना गर्न सकिन्छ । यसरी डडेल्धुरा जिल्लामा घरायसी खाद्यान्न उत्पादन गरेर पोषणको अवस्थामा सुधार गर्दै आयआर्जनमा पनि सुधार गर्न सकिन्छ र जोगबुढामा दुध उत्पादनको लागि दुग्ध सङ्कलन केन्द्रको स्थापना गर्नुपर्ने देखिन्छ ।

यस संस्थाका पूर्व सह-सचिव एवम् साधारण सदस्य श्री त्रिलोचन सापकोटाका दाजु, साधारण सदस्य श्री अन्जु पराजुलीका जेठाजू, आजीवन सदस्य श्री शक्तिप्रसाद सापकोटाका भाइ र शुभचिन्तक श्री प्रेमप्रसाद सापकोटाका दाजु यस संस्थाका साधारण सदस्य एवं पूर्व कार्यसमिति सदस्य लक्ष्मीप्रसाद सापकोटाको ४४ वर्षको उमेरमा यही मिति २०७३/०९/२५ गते भएको असामयिक निधनले हामीलाई अत्यन्तै मर्माहत बनाएको छ । दिवंगत आत्माको स्वर्गवासको कामना गर्दै उहाँप्रति हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं साथै शोकसन्तप्त परिवारजन, बन्धुबान्धव, इष्टमित्र, साथीभाइ एवं शुभचिन्तकहरुमा पर्न गएको दु:खप्रति धैर्यधारण गर्न सक्ने शक्ति ईश्वरले प्रदान गरुन् भन्दै हार्दिक समवेदना प्रकट गर्दछौं ।

**खेमराज सापकोटा**
अध्यक्ष
**एवम् विजय विकास स्रोत केन्द्र परिवार**

*युधिष्ठिर शर्मा*

**घरायसी खाद्यान्न उत्पादन तथा बजारीकरण अधिकृत**

म्याग्दी जिल्लाको सन्दर्भमा पोषण अवस्थाको सुधारको मुख्य आधार घरायसी खाद्यवस्तु उत्पादननै हो । यसका लागि कार्यक्रमको तर्फवाट समन्वय गरी जिल्ला कृषिविकास कार्यालय तथा जिल्लापशु सेवा कार्यलयहरूको प्राविधिक सहयोग उपलब्ध हुँदा पोषण सुधारका लागी आवश्यक पर्ने खाद्यबस्तुहरू उत्पादनमा ठूलो मात्रामा वृद्धि भएको देखिन्छ । म्याग्दी जिल्लामा सुआहारा कार्यक्रम पहिलो चरणका उपलब्धीहरू र दोश्रो चरणका संभावना निम्न बमोजिम रहेको देखिन्छ ।

जिल्लाका बरन्जा, चिमखोला, दाना, दरवाङ, देविस्थान, दोवा, घारा, गुर्जा ज्यामरुककोट, कुइनेमंगले, मराङ, निस्कोट, ओखरवोट, पाखापानी, रुमा, ताकम गरी १६ वटा रहेका गाबिसहरूमा कार्यक्रमको घरायसी खाद्यवस्तु उत्पादन र उपभोग कार्यान्वयन गरिएको । जिल्ला पोषण तथा खाद्य सुरक्षा समितिबाट दोश्रो चरणमा यी गाबिसहरूमै निरन्तरता दिने र उत्पादनलाई व्यवसायिकरण गर्न प्रोत्साहन गर्ने निर्णय भएको छ ।

घरायसी पोषण खाद्यबस्तु उत्पादन संवन्धी तालिम १८९९ जना र कुखुरा पालन सम्बन्धि आधारभुत तालिम १५६५ जनाले लिई आफ्नै घर परिसरमा रहेको जमिनबाट लाभ लिइरहेकाछन् । समुदायका अन्य परीवारमा पनि यसको देखासिखी प्रभाव परेको छ ।

पोषक खाद्यबस्तु उत्पादनगर्ने बानीको विकास गर्नका लागि ४००५ प्याकेट तरकारी बीउ-विजन तथा ४४३८ वटा उन्नतजातका कुखुराका ८ हप्ते चल्ला वितरण गरिएको थियो । हालउनीहरू आँफै विउ उत्पादनन, संकलन तथा कुखुरा पाल्न थालेकाछन् । तरकारी खेती गर्ने जग्गा पनि बढाएका छन् भने व्यवसायिक रूपमा कुखुरापालन कार्यारम्भ पनि गरिसेकाछन् । कुखुरा पालन कार्य हालसम्म सानो स्तरमा भएकोले अतिरिक्त उत्पादन भएको अण्डा तथा चल्लाहरू स्थानीय गाउ घरमै बिक्रि भएको र अझै ठूलो माग रहेको देखिन्छ । १६ गाविसमा ८४ वटा घरायसी खाद्यवस्तु उत्पादन समुहहरू गठनभएको छ । उक्त समुहका सकृय कृषकहरू मध्येवाट ४८ जना ग्रामिणनमुना कृषकहरू सिर्जना गरिएको छ । यी नमुना कृषकहरूले हाल आनो उत्पादनका अतिरिक्त समुहका अन्य कृषकहरूले उत्पादन गरेको तरकारी खरिद गरी बजारमा विक्रिगर्ने कार्य सुरु गरेकाछन् । अनुगमनका क्रममा भकुण्डेकी बिनिता परियारले एक सिजनमा २९ थरीका तरकारीहरू उत्पादन गरेको र बढी उत्पादन भएको तरकारीबाट १ सिजन १९ हजार रुपैयाँ सम्म आम्दानी गर्न सकेको देखियो । २६ जनानमुना कृषकहरूलाई स्थानीय स्रोत व्यक्तिको रूपमा विकास गरीएकोले हाल उनीहरूले समुहका अन्य सदस्यहरूलाई परामर्श सेवाका साथ बिउ विजन तथा साधारण औषधि उपचार गर्न सहयोग पुराई रहेकाछन् । २१ वटा समुहहरू जिल्ला कृषि विकास कार्यालयमा दर्ता भएका र वाकी समुहहरू पनि दर्ता प्रकृयामा रहेका छन् । केही समुहहरू सहकारीको रूपमाजाने तयारी भएकोले दोश्रो चरणमा आवश्यक सहयोग उपलब्ध गराउन आवश्यक छ । निस्कोट र दाना गाबिसमा समुदाय स्तरमा २ वटा कुखुरा चल्ला उत्पादन केन्द्रहरू स्थापना भई चल्ला उत्पादन कार्य भैरहेको छ । यसवाट स्थानीय हावापानीमा हुर्कन सक्ने चल्लाहरू कृषकहरूले प्राप्त गरिरहेका छन् । दोश्रो चरणमा यी उत्पादन केन्द्रहरूको क्षमता वृद्धिगरिने छ । पोषणको महत्व दर्शाउने खालको संन्देश जाने गरी स्थानीय स्तरमा ६ वटा लोक गीत प्रतियोगिता, ११ वटा मेला महोत्सवमा पौष्टीक परिकार उत्पादन प्रतियोगिता तथा ६ वटा प्रदर्शनीमा घरायसी रूपमा उत्पादन भएका खाद्यवस्तु प्रदर्शनी गरिएको थियो । यी कार्यहरूलाई निरन्तरता दिनु आवश्यक छ ।

जिल्ला कृषि विकास कार्यालयका बरिष्ठ कृषि विकास अधिकृत श्यामप्रासाद रिजालले आगामी समयमा उत्पादनलाई व्यवसायीकरण गर्दै लैजाने र यहाँको भौगोलिक विकटता तथा यातायात र ढुवानीको अवस्थालाई विचार गरेर विभिन्न स्थानमा सङ्कलन केन्द्रहरू राख्न आवश्यक भएको सुझाउनु भएको छ । जिल्ला पशु सेवा कार्यालयका बरिष्ठ पशु चिकित्सक डा. मन बहादुर पुनले म्याग्दी जिल्ला अधिकांश चिसो हावापानी भएको जिल्ला हुनाले अण्डा उत्पादनका लागि स्थानीय हावापानी अनुकुल जातका कुखुरा ल्याउने र मासुका लागि स्थानीय तथा उन्नत दुवै थरीका उत्पादनगर्ने र व्यावसायिक योजनानै बनाएर व्यवसायिक रूपमागर्न सकेमा स्थानीय समुदायमा अण्डा र मासुको सहजआपुर्ति पनिहुने र व्यावसायीलाई राम्रो आम्दानी पनि हुने भएकोले कार्यक्रमले सोहीअनुसार सहयोग गर्नु पर्ने बताउनु हुन्छ ।

*हिमबहादुर दशौंदी*, **फिल्ड सुपरभाइजर**

*हृदेश शर्मा*, **घरायसी खाद्यान्न उत्पादन तथा बजारीकरण अधिकृत**

दैलेख कृषिको लागि अत्यन्तै सम्भावना भएको र विविध भौगोलिक भू-बनावटसँगै हावापानीमा पनि विविधता भएको पहाडी जिल्ला हो । नेपालमै कुपोषण वाल स्वास्थ्यको प्रमुखको रूपमा रहेकोले वच्चा जन्मने देखीनै कुपोषणको शिकार भईरहेका छन् । यस जिल्लामा सरकारी निकाय र संघसंस्थाले पोषण स्थितीमा सुधार गर्ने कार्यक्रमलाई समुदायमा उच्च प्राथमिकताका साथमा राखेर सञ्चालन

गर्दै आइरहेकाछन् । जसमा USAID को आर्थिक सहयोगमा तथा एभरेष्ट क्लव दैलेखद्वारा संचालित सुआहारा कार्यक्रमले महत्वपुर्ण भूमिका खेलेको छ । दैलेख कृषिमा आधारीत जिल्ला भएता पनि हाम्रो परिवेशमा खाद्यान्नमा आधारित खेती नै कुपोषणको समस्यालाई समाधान गर्ने प्रमुख नीति हुनुपर्दछ । मानिसलाई चाहिने सुक्ष्म पोषण तत्वको उपलव्धतामा घरायसी खाद्यान्न उत्पादनलाई महत्वपूर्ण ढंगवाट लिनुपर्ने देखिन्छ ।

परिवारको पोषणका लागी आफ्नै बारीमा वर्षभरी खानपुग्ने गरी तरकारीहरू जस्तै: हरियो सागपात, पहेंला फलफुल, गेडागुडी तथा पशुजन्य पोषणयुक्त खाद्यान्न उत्पादन प्रविधिलाई घरायासी खाद्यान्न उत्पादन भनिन्छ । घरायसी खाद्यान्न उत्पादन गरी उपभोग गरे हाम्रो शरीरलाई चाहिने सुक्ष्म पोषण तत्व प्राप्त भई भिटामिनको कमीले बाल मृत्युदर र आमाको अस्वस्थता घटाउन ठुलो महत्व राख्दछ । बच्चाको शारीरिक तथा मानसिक वृद्धि विकासका लागि र समुदाय, राष्ट्रको आर्थिक स्थितीमा सकारात्मक प्रभावमा मद्दत घरायासी खाद्यान्न उत्पादनले गर्दछ ।

दैलेख जिल्लामा २०७२ वैशाखदेखी २०७२ फाल्गुण सम्म २ वर्ष मुनिका बालवालिका तथा १००० दिनका आमाहरूको पोषण स्थिती सुधार गरी स्वस्थ बच्चा तयार गर्ने उद्देश्यले सञ्चालित सुआहारा कार्यक्रमले जिल्ला स्तिरीय पोषण तथाखाद्य सुरक्षा निर्देशित समितिसँग समन्वयगरी जिल्लाका १४ वटा गाविसहरूमा (राकम कर्णाली, पिपलकोट, सिंहासैन, तिलेपाटा, सिगौडी, सात्तला, लकान्द्र, विशाला, कुशापानी, मालिका, रुम, जगन्नाथ, कालिका र वालुवाटार) लाई विपन्न गाविस (DAG VDC) मा घरायसी खाद्यान्न उत्पादन सम्वन्धी क्रियाकलापहरू सञ्चालन गर्दै आइरहेको छ । जिल्लाका सबै गाविस र नगरपालिकामा पोषण स्थिती सुधार गर्न व्यवहार परीवर्तनका कार्यक्रम गरेपनि १४ वटा DAG VDC माभने विपन्न समुदायका लागि घरायसी खाद्यान्न उत्पादन नै पोषण तत्वको सुनिश्चत गर्न गाविसका प्रत्येक वडाबाट १-१ जना गरि जम्मा १२६ जना सम्भावित नमूना कृषक छनौट गरी ग्रामिण नमुना कृषक क्षमता अभिवृद्धि तालिम प्रदान गरेको छ । साथै १००० दिनकाआमा र महिला स्वास्थ्य स्वयंसेविकालाई समेत अभिमुखिकरण गराएको छ । नमूना कृषकलाई हिउँदे र सुख्खा मौसमको तरकारीको विउ र न्यु हेम्सार र ब्लाक अस्टलोप कुखुराको चल्लासमेत वितरण गरी अर्धवन्देज खोरमा पाल्नको लागि सहयोग प्रदान गरेकोछ । DAG VDC का १००० दिने आमा तथा FCHV लाई पोषणयुक्त तरकारीको बीउ वितरण गरी कम आर्थिक स्तरका कृषकले घरमै उत्पादन गरी पोषणयुक्त खानेकुरा खान सक्छन् र कसैसँग माग्न र बजारमा महंगो मूल्यतिरी किन्न नपर्ने कुराको महसुस गराई सुआहारा कार्यक्रमले व्यवहारमा लागु गर्न सहयोग गरेकोछ । जसले व्यवहारमा सकारात्मक प्रभाव परेको देखिन्छ ।

दैलेख सानो उपत्यका र पहाडै पहाड भएको जिल्ला भएकाले पनि ४, ५ वटा गाविसको एउटा केन्द्रविन्दु वनाएर वजार वनेको छ । जसवाट उपभोग्य वस्तु किनबेच हुने गर्दछ । यस जिल्लाको पश्चिममा राकमकर्णाली, लकान्द्र, चामुण्डा, दुल्लु, डाडीमाडी, डुंगेश्वर मुख्यवजार केन्द्र हुन् भने वेस्तडा, नौमुले, गुराँसे, नारायण नगरपालिका पुर्वी क्षेत्रका सम्भावित बजार क्षेत्र हुन् । हुलाकी राजमार्ग, कर्णाली राजमार्ग, मध्ये पहाडी राजमार्ग, सहायक बाटाहरूले गाउँ र वजारलाई जोड्ने गरेकोछ । दैलेखमा विभिन्न तरकारी जस्तै काउली, बन्दा, टमाटर, आलु उत्पादन गरी जिल्लाभित्र र बाहिरी जिल्ला जस्तै सुर्खेतका बजारहरूसम्म ढुवानी गर्न सकिन्छ । यसैगरी दैलेखमा कृषि बजारीकरणमा विभिन्न संस्थाहरू जिल्ला कृषि विकास कार्यालय, KISAN, PAHAL, HELVETAS र उद्योग वाणिजसँग लागि परेका छन् । यी संस्थाहरूसँगको समुन्न्यको आवश्यकता र सम्भावनाले उत्पादित खाद्यान्नलाई बजारसम्म पुऱ्याउन सहियोग गर्ने देखिन्छ । यस जिल्लामा उत्पादित खाद्यान्नलाई बजारसम्म पुऱ्याई समुदाय तथा अन्य क्षेत्रमा नियमीत गर्न सके यस क्षेत्रका मानिसहरूको भविष्य उज्वल हुने देखिन्छ ।

घरायसी खाद्यान्न उत्पादन गर्नलाई जलवायु परिवर्तन, प्राकृतिक प्रकोप र अस्थिर बजार मुख्य चुनौतीको रूपमा रहेकोछ भने गुणस्तरीय उत्पादन, बीऊ-मलको अभाव, सुनिश्चित बजार नहुनु, रोग-कीराको समस्या, लगानी गर्ने पुँजीको अभाव, कृषियन्त्र उपलव्ध नहुनु, सीपको अभाव, अव्यवस्थित पशुपालन नै घरायसी खाद्यान्न उत्पादनको लागि मुख्य समस्या रहेको देखिन्छ । दोस्रो चरणको सुआहाराले घरायसी खाद्यान्न उत्पादनलाई बजारीकरण गर्नलाई आमा समुहमार्फत ग्रामिण नमूना कृषक (VMF) लाई संलग्न गर्न र उनीहरूले गरेको उत्पादनलाई बजारीकरण गर्ने कार्यनीति हुनुपर्छ । बजारको मागअनुसार पोषणयुक्त तरकारीको बीऊ उत्त्पादनमा जोड दिनु पर्दछ साथै प्रत्येक समूह स्तरमा क्षमता अभिवृद्धिका कार्यक्रम मार्फत उनीहरूलाई व्यवसयिक रूपमा तरकारी उत्पादनमा जोड दिनुपर्ने देखिन्छ । साथै उत्पादित वस्तुको बजार व्यवस्थापन गरी सङ्कलन केन्द्रमा जोड दिन सकेको खण्डमा घरायसी खाद्यान्न उत्पादन तथा उपभोगमा वृद्धि हुने देखिन्छ । जसका कारण उत्पादित पोषणयुक्त तरकारी, फलफूल तथा कुखुरा, अण्डाको दिनहुँ मात्रामा उपभोग गरी बच्चा तथा आमा स्वस्थ्य भई समृद्ध परिवार, गाउँ, समाज र राष्ट्र निर्माणमा समेत टेवा पुग्ने देखिन्छ ।

*ललित कुमार खड्का*

**घरायसी खाद्यान्न उत्पादन वजारीकरण अधिकृत**

सुआहारा पहिलोमा १००० दिनका आमाहरू तथा वालवालिकाहरूको पोषणमा सुधार ल्याउने उद्देश्यका साथ घरायसी खाद्यान्न उत्पादन समूह गठन गर्ने, उक्त समूहलाई तरकारीको बीउ वितरण तथा उन्नत जातका कुखुराका चल्लाहरू वितरण हुनुको साथै घरायसी खाद्यान्न उत्पादन सम्बन्धी तालिम पनि प्रदान गरिएको छ । यसैगरी प्रत्यकगा.वि.स.मा ग्रामीण नमूना कृषकहरू छनौट गरिएको थियो र हाल ती कृषकहरू स्रोत व्यक्तिको रूपमा रहेका छन् । सुआहारा कार्यक्रमले सहयोग गर्नुभन्दा पहिले समुदायमा आफ्नै तरिकाले मौसमी घरायसी खाद्यान्न उत्पादन गर्ने र उपभोग गर्ने गरेको देखिन्छ तर सुआहारा कार्यक्रमको सहयोगपश्चात् समुदायमा विविध तथा पोषणयुक्त घरायसी खाद्यान्नहरू उत्पादन गरी उपभोग गर्ने वानीको विकास भएको छ । साथै व्यवस्थित तरिकाले खेतीगर्ने प्रणलीको विकास भएको छ । विशेष गरेर विविध पोषणयुक्त तरकारी खेती र उन्नत जातका कुखुरा पालन गरिरहेको देखिन्छ । जिल्लाका सम्पूर्ण गाविसमा रहेका ग्रामीण नमूना कृषक मध्ये ४० प्रतिशतले आफ्नो व्यवसायमा वृद्धि गरेका छन् । बैतडी जिल्लामा पानीका स्रोतहरूभन्दा उच्च ठाउँमा समुदायको वस्ती भएकोले पानीको अभावका कारण उचित मात्रामा घरायसी खाद्यान्न उत्पादन गर्न नसकेको देखिन्छ । उत्पादन पनि मौसमी रूपमा गरिरहेको देखिन्छ । उत्पादनमा वृद्धि गर्नको लागि अन्य काममा प्रयोग भएको पानी सङ्कलनको लागि आवश्यक प्रविधि तथा सामग्रीहरू सहयोग का साथ साथै साना सिंचाई आयोजना सञ्चालन गर्न सकेमा प्रभावकारी हुने देखिन्छ । यसै गरी बेमौसमी तरकारी उत्पादनको लागि आवश्यक पर्ने सामग्रीका साथै प्रविधिमा सहयोग गर्नु पर्ने देखिन्छ । सुहारा पहिलो वाट प्राप्त भएको सहयोगमार्फत समुदायमा विविध तथा पोषणयुक्त घरायसी खाद्यान्न उत्पादन भैरहेको भए तापनि प्रभावकारी रूपमा बजारीकरण भएको देखिदैन । भौगालिक विकटता तथा यातायातको अभावमा ग्रामीणस्तरमा भएको उत्पादनलाई बजारसम्म पुऱ्याउन सकिएको छैन । बजारको नजिकमा वसोवास गर्ने समुदायले आफ्नो उत्पादन बजारसम्म ल्याएर बिक्री गरी आयआर्जन गर्ने गरेको भएतापनि माग बमोजिमको उत्पादन बजारसम्म पुग्न सकेको छैन । बजार मागपूर्तिको लागि तथा ग्रामीण भेगमा उत्पादन गरेको वस्तुलाई बजारसम्म पुऱ्याउन ग्रामीण स्तरमा सङ्कलन केन्द्रको स्थापनामा सहयोग गर्नु पर्ने देखिन्छ । यसै गरी हाटबजार सञ्चाल गर्नको लागि सहयोग गर्नुपर्ने देखिन्छ । साथै उत्पादित वस्तु ढुवानीको लागि आवश्यक सामग्री सहयोग गर्नु पर्ने देखिन्छ ।

सुआहारा पहिलोमा विषेश गरेर घरायसी खाद्यान्न उत्पादन समूहहरू गठन, ग्रामीण नमूना कृषकहरू छनौट तथा उनीहरूलाई तालिम प्रदान, बीऊ वितरण, उन्नतजातका कुखुराका चल्ला वितरणमा सहयोग भएको थियो । बैतडी जिल्लामा २०८ जना ग्रामीण नमूना कृषकहरू रहेका छन् । यी मध्ये ४० प्रतिशतले व्यावसायिक रूपमा घरायसी खाद्यान्न उत्पादन गरिरहेका छन् । जिल्लामा रहेका कृषि तथा पशु कार्यालयले बिगत वर्षदेखि हालसम्म घरायसी खाद्यान्न उत्पादनमा पूर्णरूपमा सहयोग गरिरहेको देखिन्छ । जिल्ला कृषिविकास कार्यालयको भनाई अनुसार तरकारी खेती अर्न्तगत बजारको माग बमोजिमको गुणस्तरीय तरकारी व्यवसायलाई जोड दिनुपर्ने देखिन्छ । यसै गरी तरकारी उत्पादन परिमाणमा पनि वृद्धि गर्नुपर्ने साथै वेमौसमी तथा मूल्य अभिवृद्धि गरेर वेच्ने खालका घरायसी खाद्यान्न उत्पादनलाई जोड दिनु पर्ने भनाई रहेको छ । यसै गरी जिल्ला पशु सेवा कार्यालयको भनाई अनुसार गुणस्तरमा ध्यानदिदै पशु जन्य उत्पादनलाई वृद्धि गर्नुपर्ने देखिन्छ । विशेष गरेर व्यवस्थित कुखुरा पालनलाई प्रवर्द्धन गरी बजारीकरणलाई जोड दिनु पर्ने सल्लाह सुझावहरू दिने गरेको पाईन्छ । साथै उनीहरूले घरायसी खाद्यान्न उत्पादन तथा बजारीकरणमा पूर्णरूपमा सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गरेका छन। परियोजना अवधिभर यहाँको वस्तु स्थिती अनुसार हेर्ने हो भने पशुजन्य उत्पादनलाई वृद्धि गर्न आवश्यक देखिन्छ । बजारको माग बमोजिम यहाँ पशुजन्य उत्पादन नभएको देखिन्छ । त्यसकारण उक्त उत्पादनलाई वृद्धि गर्नका लागि आर्थिक तथा प्राविधिक सहयोग प्रदान गर्नु पर्ने देखिन्छ । यसका लागि जिल्लास्थित विभिन्न सम्बन्धित सरोकारवाला निकायसँग समन्वय गरी अगाडि बढ्नु पर्ने देखिन्छ ।

हालको बजारको अवस्थाको कुरा गर्नु पर्दा घरायसी उत्पादनहरू खासै बजारमा आउने गरेको देखिँदैन । सदरमुकाम नजिकको समुदायबाट आउने उत्पादनले बजारको मागलाई पूर्ति गर्न सकेको छैन । भौगोलिक विकटताका कारण दूरदराजका समुदायलाई आफूले गरेको उत्पादनलाई बजारसम्म पुऱ्याउन चुनौती छ । जिल्लाका विभिन्न ठाउँमा ६ वटा सङ्कलन केन्द्र स्थापना भएको भए तापनि उत्पादनलाई त्यहा सम्म पुऱ्याउन नसकेको अवस्था छ । बजार टाढा भएको कारण ग्रामीण भेगमा उत्पादन भएको उत्पादनलाइ पैंचो प्रणलीबाट ग्रामीण स्तरमा मै खपतगर्ने प्रयासहरू भइरहेका छन् । जिल्लामा बजारीकरणमा मुख्य भूमिका रहेको उद्योग वाणिज्य संघले पनि बजारीकरण पवर्द्धनका लागि प्रयास गरिरहेको छ तर सदरमुकाममुखी भएकोले ग्रामीण भेगको उत्पादनको बजारीकरणमा खासै चासो नदेखाएको देखिन्छ । यसै गरी बजार व्यवस्थापन समितिको भूमिका न्यून रहेका देखिन्छ ।

विषेश गरी पशुजन्य उत्पादनमा कुखुरा व्यवसायलाई जोड दिनु पर्दछ । यहाँ चल्ला उत्पादनका साथै अण्डा उत्पादन व्यवस्थित तरिकाले हुने हो भने प्रसस्त मात्रामा बजारमा खपतहुने देखिन्छ । यहाका समुदायका मासु तथा अण्डा उपभोग गर्ने बानीका विकास सँगसँगै बजार माग पनि अत्यधिक रहेको छ । हाल चल्ला उत्पादन तथा अण्डा उत्पादनमा प्रभाकारिता देखिएको छ । यसका लागि विभिन्न सरोकारवाला निकाय, समुदाय तथा निजी क्षेत्रको संलग्नतामा क्रियाकलापहरू सञ्चालन गर्न जरुरी छ ।

*गुणकुमार श्रेष्ठ*

**घरायसी खाद्यान्न उत्पादन तथा बजारीकरण अधिकृत**

बागलुङ, भिमगिठे वडा नं. २ मा बसोवास भएकी गंगा थापा तीन बच्चाकी आमा हुन् । हिजोआज थापाले बच्चाको साथै तरकारी र कुखुराको पनि उत्तिकै स्यहार गर्दै आएकी छन् । भन्छिन् आमा रेडीयो कार्यक्रम र सुआहाराको हरेक क्रियाकलापबाट "हरेकबार खानाचार" भन्ने कुरा सुन्ने गर्नाले आजभोलि थापाले आफ्नो घरमा तरकारी बगैंचा निर्माण गरेकी छन् । फुर्सदको समयमा तरकारी बारीमा गई तरकारीको स्याहार गर्दै आएको बताउने थापाले यी तरकारी खाँदा के फाईदा हुन्छ भन्ने कुरा मैले आमा रेडियो कार्यक्रम सुन्ने गरेपछि बुँझे । अनि तरकारी म आफैंले लगाउने गरेकी छु र आफू पनि खान्छु र घरका परिवारलाई र गाउँका दिदी वैनीहरूसमेतलाई हरेकवार खानाचारको बारेमा बताउदै आएकी छु भन्छिन् । अहिले थापाको छोरा १८ महिनाको भएको छ । उसलाई हप्तामा ३र४ अण्डा खुवाउदै आएको बताउँछिन् गंगाथापा । यो बानिको विकास सुआहारा कार्यक्रमको सहयोग गर्‍यो, हामी जस्तो ग्रामीण क्षेत्रमा बसोबास गर्ने १००० दिनका आमाको आँखा खोलिदिएको छ सुआहाराले । खास गरी बानी परिवर्तन गर्नको लागि सहयोग गरेको छ । गर्न नजान्नेलाई एउटा बाटो देखाउने काम गरेको छ भन्छिन् उनी । सुआहाराद्वारा वितरित कुखुराबाट चल्ला उत्पादन गरी अहिले २० वटा चल्ला उत्पादन गरेकी थापाले अव आफ्नै लगानीबाट कुखुरा पाल्ने व्यवसाय सञ्चालन गर्ने निधो समेत गरको बताउँछिन् ।

थापाले आफ्नो छोरा गर्भमा रहने बेलामा ९१ दिन देखि स्वास्थ्य चौकीमा गई गर्भ चेक गरेर आइरन चक्की र जुकाको औषधि खानुका साथै नियमित रूपमा ४, ६, ८ र ९ महिनामा गर्भ जाँच गर्नुका साथै तालिम प्राप्त स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै बच्चा जन्माइन् । उनी अहिले भन्छिन् बच्चा ६ महिना पुगेपछि मात्र जाउलो, लिटो खुवाउनु पर्ने रहेछ, पहिलो र दोस्रो बच्चालाई के-के कसरी खुवाइयो तर अहिलेको बच्चालाई चाहिँ ६ महिना पूरा भएपछि मात्र थप खानेकुरा खुवाउन थालेकोले बच्चा हेर्दैमा स्वस्थ देखिन्छ । थापा भन्छिन् 'साँच्चै नै सुआहाराले हामी जस्तो गाँउ स्तरमा बस्ने २ वर्षमुनिका बच्चा तथा आमा एवं गर्भवती महिलाको लागि अत्यन्तै राम्रो प्रभाव पारेको छ । बानी/व्यवहरमा पनि परिवर्तन ल्याइदिएको छ । वास्तबमा भन्नुपर्दा गंगा थापामा जस्तै अरु १००० दिनका आमाहरूमा पनि यस्तै परिवर्तन आइदिए नेपालका बालबालिकाहरू कुपोषित भई बस्नु पर्ने थिएन ।

१००० दिनको समय भनेको गर्भवती हुँदाको समयदेखि बच्चा दुई वर्षको समय हो । यो समयमा पोषणयुक्त खानाखान नपाएर नेपालमा धेरै महिला तथा बालबालिकाहरू कुपोषित हुने गरेका छन् । कुपोषण न्यूनीकरण गर्नको लागि सन् २०११ देखि २०१६ सम्म र हालसम्म नेपालको ४० जिल्लामा सुआहारा सञ्चालन हुँदै आएको छ । यसै सन्दर्भमा बागलुङ जिल्लामा सुआहारा कार्यक्रम सञ्चालन हुदै आएको छ ।

सबै भन्दा महत्त्वपूर्ण कुरा त पोषणयुक्त परिवार, समाज र राष्ट्रको परिकल्पना गरी सुआहारा कार्यक्रमको सन्देश हजार दिनका आमा तथा बालबालिकाहरूको खानपान तथा सरसफाईमा विशेष ध्यान दिई बानी परिवर्तनमा जोड दिनु सुआहारा कार्यक्रमको महत्वपूर्ण काम हो । यसै क्रममा बागलुङ जिल्लामा सुआहारा कार्यक्रममार्फत घरायसी खाद्यान्नमा उत्पादन वृद्धि हुनु, दूध, अण्डा, हरियो, साग, मासु, खानामा वृद्धि हुनुका साथै बच्चालाई खाना खुवाउनु अघि र दिसा धोएपछि साबुनपानीले मिची-मिची हात धुने बानीको विकास हुनु सुआहारा कार्यक्रमको मुख्य योगदान हो ।

संक्षेपमा भन्नुपर्दा सुआहारा पहिलो चरणको कार्यक्रम बागलुङ जिल्लामा नै लोकप्रिय र सफल कार्यक्रम भएको जिल्ला विकास समितिको कार्यलय र जिल्ला स्वास्थ्य कार्यालयको साथै सर्वसाधरणको मुखबाट पनि आजकल सुन्न पाइन्छ त्यसमा पनि सुआहारा दोस्रो चरणको कार्यक्रम सुरु भएकोमा जिल्लाबासीहरू थप उत्साही भएका देखिन्छन् ।

*किरणकुमार मास्के*

**घरायसी खाद्यान्न उत्पादन तथा बजारीकरण अधिकृत**

सुआहारा कार्यक्रम स्याङ्जा जिल्लामा सन् २०१२ देखि सञ्चालन भैरहेको छ । यस कार्यक्रम अन्तर्गत घरायसी खाद्यान्न उत्पादन प्रवर्द्धन क्रियाकलापमा २३ गाविसहरूमा समूह, परिवार सदस्य, निर्णय निर्माता, महिला स्वास्थ्य स्वयं सेविका र अन्य सदस्यहरूलाई उन्नत जातको बीउहरू वितरण, घरायसी खाद्यान्न उत्पादन तालिम, सुधारिएको कुखुराको खोर निर्माण तालिम, कुखुरापालन व्यवस्थापन गर्न प्राविधिक सहयोग र कुखुराको चल्ला वितरण गरिएको थियो ।

ग्रामीण नमूना कृषक क्षमता अभिवृद्धि तालिम जिल्लाका नमूना कृषकहरूलाई करेसाबारी, माटो व्यवस्थापन, नर्सरी व्यवस्थापन, सिंचाई व्यवस्थापन र एकीकृत शत्रुजीव व्यवस्थापन सम्बन्धी विषयमा समेटेर गराइएको थियो । पशु सेवा केन्द्रको समन्वयमा समूहहरूमा रानिखेत र बल्ड फ्लु रोग विरुद्ध खोपको तालिम गराइएको थियो । तरकारी बालीमा लाग्ने विभिन्न रोग किराहरूको जानकारी र व्यवस्थापन कार्यका लागि जिल्ला कृषि विकास कार्यालय र कृषि सेवा केन्द्रसँग समन्वय गराइएको थियो । स्थानीय स्रोत व्यक्ति विकास तालिममा नमूना कृषकहरू छनौट गरी घरायसी खाद्यान्न उत्पादन कार्यलाई निरन्तरता दिन टेवा पुऱ्याइएको थियो। आवश्यकता लेखाजोखाका आधारमा कृषकहरूलाई थोपा सिंचाई, पाइप, प्लाष्टिक ड्रम, कुखुराको दानाहरू वितरण गरिएको थियो । पोषण कार्य र स्वच्छता कार्यलाई ज्ञानबर्द्धक सूचना प्रवाह गराउन स्थानीय स्तरमा नै विभिन्न सामाजिक तथा व्यवहार परिवर्तनका सामग्रीहरू प्रदर्शन गराई प्रत्यक्ष रूपमा त्यसको महत्वको बारेमा जानकारी गराइएको थियो ।

तरकारी र कुखुरापालनबाट आम्दानी गरेर आफ्नो परिवारको पोषण, स्वास्थ्य तथा शिक्षामा लगानी भएको छ । छिमेकीहरूका माझ आफु नमूना भई धेरै प्रविधिहरू विस्तार र रूपान्तरण भएको छ । सुधारिएको गोठे मल, कम्पोष्ट मल, जैविक झोल विषादी बनाएर गाउँमै नमूना र अगुवा कृषक बन्न सफलहुनु भएको छ । एक स्थानीय स्रोत व्यक्तिको रूपमा चिनिएर जानेका ज्ञान सिपहरू आदानप्रदान गर्दै कृषि पेशालाई विस्तार गर्दै हुनुहुन्छ जसले गर्दा निकट दिनमा स्थानीय स्तरमा हाट बजार र तरकारी संकलन केन्द्रको सम्भावना आवश्यक परेको छ ।

निरन्तर रूपमा अनुगमन, सुपरिवेक्षण र आपसी भेटको अभावले गर्दा दिगो रूपमा नमूना कृषि खेतीको अवस्थालाई स्तरोन्नति गर्न सकिरहेको छैन त्यसकारण ग्रामीण नमूना कृषकहरूलाई पुनर्ताजगी तालिमहरू र नयाँप्रविधिहरूको बारेमा जानकारी निरन्तर दिनु नितान्त आवश्यक रहेको छ । जसले गर्दा अझ विशेष रूपमा घरायसी खाद्यान्न उत्पादन कार्यमा अग्रसर भई ताजा तरकारीहरूको उत्पादन गरी स्थानीय स्तरमै आयआर्जन गर्न सक्षम हुनुहुनेछ । स्थानीय स्तरमा गरिएका प्रविधिहरूलाई सुधार गर्दै भकारो सुधार, जुठेल्ना सुधार, झोलमल, बेमौसमी तरकारी खेती, व्यवसायिक तरकारी खेती, स्थानीय स्तरमा बीऊ उत्पादन, बीउ सङ्कलन केन्द्र, जैविक विषादी निर्माण जस्ता कार्यहरूलाई अगाडि बढाउने, नमूना र अगुवा कृषकहरूको क्षमता अभिवृद्धि र विकास गराई लैजाने र स्थानीय कृषि विकासलाई माथि उठाउन गाविसको वार्षिक बजेटलाई सही ढङ्गले सदुपयोग गरी दिगो कृषिविकास गर्ने, समूहलाई कृषि विकास कार्यालयमा दर्ता गराई आवश्यक कृषि सामग्रीहरू सहुलियतमा उपलब्ध गराई प्राविधिक सहयोग पुऱ्याउने र धेरै भन्दा धेरै कृषि उपजहरू उत्पादन गरी बजार सञ्जालको संयन्त्रलाई मजबुत बनाई कृषि पेशालाई आम्दानीको स्रोतको रूपमा सृजना गरी कृषकहरूको जोखिम न्यूनीकरण गर्न प्रत्याभूति भूमिका खेल्ने लक्ष्य सुआहारा दोस्रोले लिएको छ ।

Sanjay Dhakal
HFP Marketing Officer

The major crops produced in Achham district are maize, wheat, millet, rice, potato, soyabean, gram, black gram, mustard, sesame, colocasia, yam etc. Potato is produced in large volume for commercialization in some pockets. Fruits like walnut, pear, peach, plum, citrus and guava are produced in the district. Cardamom and ginger are also considered to be potential crops for commercial production. There is one commercial nursery providing improved plantings of fruits. Inputs like improved seeds and fertilizers are provided by Agriculture Inputs Company Limited, agro-farms and governmental farms. Bee keeping and fish rearing has also been profitable enterprise in many areas.

Major livestock production in the district comprises buffaloes, cattle, goat and poultry. Achham is the home for the smallest breed of cattle in the world, Achhami cattle, popularly known as NaumuttheGai. However, introduction of high yielding breeds and their crosses with this local breed have caused serious threat in extinction of its pure genetic resources. DLSO, Achham has been conducting different activities in conservation of this breed.

There are 1 DADO, 1 DLSO, 6 agriculture service centres and 13 livestock service centres to serve 56 VDCs and 1 municipality of the district. ASC has mobilized about 258 groups involving about 5572 persons. Similarly, LSC has mobilized about 693 groups involving about 7554 people.

Suaahara II has been launched in Achham district after the successful implementation of Suaahara from July, 2014 to March, 2016. First phase under HFP component was focused on homestead food production while second phase on marketing of surplus products (Garden-plate-income approach). During the first phase poultry and seeds were distributed and the beneficiaries were encouraged to build the improved chicken coop using the local available resources. Poultry was distributed to a total of 5822 households, including 1000 days mothers, FCHVs and VMFs. A sum of 29,110 chicks was distributed in the district. Total 3208 rainy season and 5799 winter seasons participants were benefited from increased access to nutrient rich and fortified foods, seeds and training on improved planting and cultivation techniques. Twenty-nine HFP groups have been registered at DADO and DLSO. Altogether, 5143 1000-day mothers, 375 VMFs and 567 FCHVs have been



VMF LaxmiShahi of Layati VDC with her poulty distributed underSuaahara I

benefited from this project.

On consultation with In-charge of DADO he said that activity of Suaahara has been successful in developing awareness among the people in consumption of nutrient rich vegetables and Suaahara II should continue with approach. He stressed in joint effort of all organizations in developing sustainable HFP systems. He also focused in promotion of site-specific and context-specific agricultural products and careful consideration to avoid duplication of activities.

Mixed reviews have been received regarding the status of poultry distributed in Suaahara I. Poultry survived in some pockets and beneficiaries are consuming and marketing the surplus poultry products. However in most cases poultry could not be sustainable which may be due to clinical issues, lack of proper management and poor adaptation of chicks in the climate of the district.

Lack of irrigation has been major constraint in initiating and regularizing HFP activities. Different organizations have been involved in developing the infrastructures of irrigation and water harvesting schemes in coordination with DADO. VMFs have been doing their best to harvest the water produced through household activities in small ditches and using them in backyard vegetable production. Although, expected results have not been produced so far.

Due to remoteness, people are not able to seek the facilities provided by DADO and DLSO.Marketing is another constraint in development of agriculture sector in the district. There is no haat bazaar, collection centre or brooding center in the district. There is one rustic store of 2 mt ton capacity for storage of potatoes.Farmers sell their produces in major markets like Mangalsen, Saphebagar, Binayak, Turmakhand, Kamalbazar, Jaygadh within the district and markets of Dailekh, Surkhet and Kailali. Bartering of products is also prevalent in some remote areas where marketing is difficult. DADO Achhamand District Chamber of Commerce are coordinating continuously with different agencies in the establishment of these infrastructures. More recently, Agriculture Fair has been planned to be conducted in the month of Magh to promote local produces and processed goods.

One of the major impacts of Suaahara in the district is that people are much aware of nutritious benefits green leafy vegetables and animal sources like egg, milk, meat etc. Theme sentence of Suaahara 'HarekBaarKhaana Char' is popular among children too.

Suaahara II has aimed to capacitate the existing VMFs through trainings to become Local Resource Persons (LRPs). Marketing of surplus products for income is the major focus. We are developing coordination with KISAN project and other agencies to develop the linkage of VMFs to the market. Concept of cooperative marketing can also be a good approach in selling the produces in the bulk. Overall, Suaahara II in Achham is moving forward to improve the nutritional status of and income of the target groups by any possible means.

Kiran Kumar Maskey
HFP Marketing Officer

Krisna Kumari Chhetri, 65, lives in a small house, with her family in a remote village away from Syangja's main market. She has been living with her husband, Deu Bahadur who is 70. She has 19 members in her family though most of them reside at main city for their education, job opportunity and easy livelihood. In their remote home, only husband and wife live together.

To fight against malnutrition, "I encourage all women to start farm at home. It can help to become self-reliant through earning and to fight against infectious diseases that arise from under nutrition."



Krisna Kumari got an opportunity to participate in few trainings carried out through Suaahara-I program in her area. After taking the trainings, she decided to take a lead to open a farmers group at her village, but it was really a challenging job for her to start up with it. She had no knowledge on DADO procedures on registering the farmers group. She shares, "Suaahara morally support us to establish a farmer group". Finally, she succeed to register the farmers group named Su-hariyali Women Farmers group at 2071-12-5.

At first, she had no support from her family, but after wards, because of her passion and willingness to do something, she never gave up and finally succeeds to convince her family and community as a whole. Eventually, she had now become a role model at her community and also entitled as "Village Model Farmer". These days, she feels more responsible towards attaining healthy life of 1000 days mothers and she reinforces 1000 days mothers' household to grow homestead nutritious food.



Krishna Kumari now grows many varieties of seasonal vegetables at her farm. These days her farm is full of cucumber, chilly, peas, pumpkins, tomatoes, coriander, cauliflower, carrot, spinach, mustard and so on. She earns NPR 15,000 per month and she had a regular saving of NPR 50 each per month in their own group. She is happy to establish a revolving fund that can help everyone in need. She is taking lead to start nursery at her community and also providing the seedling to the other 24 members of the group for the strengthening and sustainability of the group. She told that the group has not received any support from any other organization. She says, "I am really thankful to Suaahara for helping our community to start up our own business and even our group planning to start goat farm

in her community." She added that it is our new trial for cultivating vegetable crops through variation of different sowing date to fulfill the demand of fresh vegetable in successive months for energizing the concern of everyone to promote agriculture and secure a state of self-reliance. Krisna Kumari is thankful for the difficult times for leading her towards her present achievements. Her husband is ecstatic over his wife's achievements. Krisna now plans to expand her farm to a larger scale. Now she is an epitome of courage and valiance in her community.


# हार्दिक बधाई

**श्री गोपिनाथ खरेल**
अध्यक्ष

**श्री भूमिराज चापागाई**
उपाध्यक्ष

**श्री नारायणप्रसाद सापकोटा**
सचिव

**श्री शालिकराम घिमिरे**
कोषाध्यक्ष

**श्री युवराज सापकोटा**
सह-सचिव

**श्री इन्द्रराज ज्योति पौडेल**
सदस्य

**श्री शालिकराम सापकोटा**
सदस्य

**श्री यमुनाथ आचार्य**
सदस्य

**श्री रमेश श्रेष्ठ**
सदस्य

**श्री लक्ष्मी भट्टराई**
सदस्य

**श्री लक्ष्मीप्रसाद कँडेल**
सदस्य

**श्री वेदप्रसाद गौडेल**
लेखा समिति संयोजक

**श्री परमेश आचार्य**
लेखा समिति सदस्य

**श्री रविन्द्र पोखरेल**
लेखा समिति सदस्य

विजय सामुदायिक सूचना तथा सञ्चार सहकारी संस्था लि.को १६ औं साधारण सभाबाट अध्यक्ष जस्तो गरिमामय पदमा **श्री गोपिनाथ खरेल** निर्वाचित हुनुभएको हुँदा उहाँलगायत समितिमा निर्वाचित सम्पूर्ण पदाधिकारीज्यूहरुलाई सफल कार्यकालको **शुभकामना** व्यक्त गर्दै हार्दिक बधाइ व्यक्त गर्दछौं ।

**खेमराज सापकोटा**
अध्यक्ष
विजय विकास स्रोत केन्द्र

# हार्दिक बधाई

**श्री केशवप्रसाद सापकोटा**
अध्यक्ष

**श्री त्रैलोक्यनाथ खरेल**
उपाध्यक्ष

**श्री गोविन्द रिमाल**
सचिव

**श्री कालीदास गौडेल**
कोषाध्यक्ष

**श्री प्रेमप्रसाद सापकोटा**
सह-सचिव

**श्री हरिलाल सापकोटा**
सदस्य

**श्री इन्द्रराज ज्योति पौडेल**
सदस्य

**श्री ओमप्रसाद सापकोटा**
सदस्य

**श्री यमुनाथ आचार्य**
सदस्य

**श्री चन्द्रदत्त जैशी**
सदस्य

**श्री चोकबहादुर पाइजा**
सदस्य

**श्री पुष्प बराल**
सदस्य

**श्री संगिता अधिकारी**
सदस्य

**श्री सबिना महतो**
सदस्य

**श्री उमा खत्री**
सदस्य

**श्री टिकाराम कँडेल**
लेखा तथा सुपरिवेक्षण समिति संयोजक

**श्री आनन्द चालिसे**
लेखा तथा सुपरिवेक्षण समिति सदस्य

**श्री गोविन्द लामिछाने**
लेखा तथा सुपरिवेक्षण समिति सदस्य




बिकु बचत तथा ऋण सहकारी संस्था लि., गैंडाकोटको २७ औं साधारण सभाबाट अध्यक्ष जस्तो गरिमामय पदमा **श्री केशवप्रसाद सापकोटा** निर्वाचित हुनुभएको हुँदा उहाँलगायत समितिमा निर्वाचित सम्पूर्ण पदाधिकारीज्यूहरुलाई सफल कार्यकालको **शुभकामना** व्यक्त गर्दै हार्दिक बधाइ व्यक्त गर्दछौं ।

**खेमराज सापकोटा**
अध्यक्ष
विजय विकास स्रोत केन्द्र

विजय विकास स्रोत केन्द्रद्वारा व्यवस्थापन गरिएको

# चेतना सदन (तालिम केन्द्र)

Chetana Sadan (Training Center)

## तालिमका लागि सेवा/सुविधा तथा जानकारीहरू

- वातानुकूलित आरामदायी र सुविधायुक्त तालिम हल ।
- ७० जनासम्मलाई एकैपटकमा खान, बस्न र तालिमको सुविधा ।
- तालिमका लागि मल्टिमिडिया, अडियो, भिडियो तथा स्टेशनरी सामग्रीहरुको उपलब्धता ।
- फोन, फ्याक्स, इन्टरनेट, कम्प्युटर, फोटोकपी तथा यातायातका साधनसमेतको व्यवस्था ।
- विभिन्न विषयका सुयोग्य, दक्ष र अनुभवी स्रोतव्यक्तिहरुको उपलब्धता ।
- तालिम अवधिमा लोड सेडिङको समस्याबाट मुक्ति, जेनेरेटरको सुविधा ।
- स्वच्छ र सफा खानेपानी तथा स्वास्थ्यकर भोजनको व्यवस्था ।
- सुलभ दररेटमा यथेष्ट सुविधा, आफूले गरेको सहयोगले संस्थागत विकासमा योगदान पुग्ने ।
- टि. टि. बोर्ड तथा ब्याडमिन्टन खेल सुविधा ।
- अध्ययन अनुसन्धान केन्द्र, विविध विषयक अध्ययन सामग्रीयुक्त पुस्तकालय ।
- बचत, सञ्चार, शिक्षा सहकारीहरूको अध्ययन थलो ।

तपाईले तालिम सञ्चालनको लागि बुक गर्नुपर्ने भएमा निम्नलिखित ठेगानामा सम्पर्क गर्नुहुन अनुरोध गर्दछौं ।

**विजय विकास स्रोत केन्द्र**

गैंडाकोट-८, नवलपरासी

फोन नं. ०७८-५०११७२, ५०११००, ५०१४०२ फ्याक्स नं. ०७८-५०१४०१

इमल : vdrc@vdrc.org.np website: www.vdrc.org.np